चुनाव गराएर मात्रै राजिनामा दिन्छुः नेता युनुस | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक २३ • २०८२ साल जेठ २९ गते बिहीबार (12 June, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## एमालेका उपनेता ठाकुर निलम्बन

**टुडे समाचारदाता**

जनकपुरधाम। नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरको सांसद पद निलम्बनबारे मधेश प्रदेशसभामा जानकारी गराइएको छ।

बुधबार सभामुख रामचन्द्र मण्डलले प्रदेशसभा बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पठाएको निलम्बनसम्बन्धी पत्र पढेर जानकारी गराए।

मंगलबार अख्तियारले उपनेता ठाकुरसहित १७ जनामाथि धनुषाको औरही गाउँपालिकामा १५ शैय्याको अस्पताल निर्माणका क्रममा हिनामिना गरेको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

उपनेता ठाकुर धनुषा निर्वाचन क्षेत्र नम्बर ३(२) बाट निर्वाचित भएका छन्। उनको डी एन्ड एन बिल्डर्स प्रालिका तत्कालीन प्रबन्ध निर्देशक रहेको निर्माण कम्पनीबाट कार्य अनुभवलाई संशोधन गरी सात दिनको म्याद थप गरी ठेक्का लिएर काम गरेका थिए।

नेता ठाकुरविरुद्ध अख्तियारले ६ करोड ७९ लाख १२ हजार ३८३ रुपैयाँ बिगो कायम गरी कैद तथा जरिवाना माग गरेको छ।

यसअघि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल मधेश प्रदेशका संसदीय दलका नेता अभिराम शर्मा पनि मधेश आन्दोलनको क्रममा सशस्त्र प्रहरीका असई थमन विक हत्यामा जिल्ला अदालतबाट दोषी ठहर भएर निलम्बन भएका छन्।

'चौथो अंग' असुरक्षित

# नियमनकारी निकायलाई बेवास्ता, पूर्ण प्रेस स्वतन्त्रता विरोधी कार्यको सर्वत्र विरोध

**टुडे समाचारदाता**

काठमाण्डु। सत्तारुढ नेपाली कांग्रेस- नेकपा एमालेका पहुँचवाला नेता तथा परिवारजन जोडिएको समाचार प्रकाशन तथा प्रशारण भएकै कारण पत्रकारलाई कानुन विपरीत पक्राउ गरी निरुत्साहित गर्ने प्रवृत्ति सरकारबाटै भइरहेको घटना फेरि पनि उजागर भएको छ। नेपालखबरडटकम र बिजमान्डुडटकम अनलाइनको समाचार हटाउन काठमाण्डु जिल्ला अदालतले दिएको अल्पकालीन अन्तरिम आदेशमा विभिन्न संघ संगठनले आपत्ति जनाएको छ।

यो घटना सेलाउन नपाउँदै पत्रकार दिलभूषण पाठकविरुद्ध पनि पक्राउ पूर्जी जारी गरिएपछि संचारकर्मी र संचार क्षेत्र राज्यबाट नै कतिको असुरक्षित छ भन्ने सतहमा आएको छ।

सञ्चारमाध्यममा प्रकाशित/प्रशारित समाचारका विषयमा चित्त नबुझे पीडितको उजुरी लिने र त्यसविरुद्ध कारबाही गर्ने प्रेस काउन्सिल नेपालको क्षेत्राधिकारको विषय भएको भन्दै नेपाल पत्रकार महासंघले विज्ञप्तिमा भनेको छ, 'काउन्सिलको क्षेत्राधिकारलाई नजरअन्दाज गर्दै अदालतबाट भएको यो आदेश प्रेस स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मूल्यमान्यता, नेपालको संविधान २०७२ को व्यवस्था र मर्मविपरीत भएको ठहर छ।'

सो प्रकरण सेलाउन नपाउँदै पत्रकार दिलभूषण पाठकविरुद्ध पक्राउ पुर्जी जारी गरी प्रेस स्वतन्त्रता विरोधी र वाक् तथा अभिव्यक्तिमाथि ठाडो हस्तक्षेपको रुपमा विभिन्न संगठनले लिएको छ। पत्रकार पाठकविरुद्ध विद्युतीय कारोबार ऐन अन्तर्गत (साइबर)को कसुरमा पक्राउ पुर्जी जारी भएको प्रहरी उच्च स्रोतले पुष्टि गरेको छ। पक्राउ पुर्जी जारी भएको प्रहरीले पुष्टि गरे पनि पत्रकार पाठकविरुद्ध जयवीर देउवाले मुद्दा दिएका छन्।

पाठकविरुद्ध प्रहरीको केन्द्रीय साइबर ब्यूरोमा उजुरी परेपछि ब्यूरोले पक्राउ पुर्जीका लागि काठमाण्डु जिल्ला अदालतसँग अनुमति मागेको थियो। त्यसपछि अदालतले





पत्रकार पाठकविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ।

पत्रकार पाठकले तीन साता अगाडि आफ्नो युट्युब च्यानलमा हिल्टन होटलको शेयर खरिदबिक्रीसँग सम्बन्धित सामग्री पोष्ट गरेका थिए। यस सम्बन्धमा शंकर ग्रुपले गत वैशाख २१ गते विज्ञप्ति जारी गरेर पनि खण्डन गरेको थियो। त्यसविरुद्ध कानुनी प्रक्रिया अपनाउने उल्लेख जनाएको थियो।

अर्कोतर्फ नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठले दायर गरेको निषेधाज्ञाको मुद्दामा अदालतले अनलाइनमा प्रकाशित समाचार तुरुन्त हटाउन मंगलबार अल्पकालीन अन्तरिम आदेश गरेको छ। जिल्ला न्यायाधीश पीताम्बर शर्माको इजलासले वेबसाइटबाट समाचार हटाउन मात्र होइन, थप समाचार नलेख्नसमेत भनेको छ।

बिजमाण्डु र नेपालखबरले अध्यक्ष श्रेष्ठले धितोपत्र बोर्डमा गर्दै आएको 'अनियमितता'को विषयमा समाचार लेख्दै आएका छन्। त्यसले आफ्नो मानमर्दन भएको भन्दै श्रेष्ठले मुद्दा दायर गरेकोमा अदालतबाट यस्तो आदेश भएको छ।

संविधानको प्रस्तावनामै 'पूर्ण प्रेस स्वतन्त्रता'को प्रत्याभूत गरेको स्मरण गराउँदै नेपाल पत्रकार महासंघले प्रेस स्वतन्त्रताको संवैधानिक व्यवस्थालाई कुनै पनि निकायको आदेशले सीमित गर्न नसक्ने बताएको छ।

जिल्ला अदालतको आदेश नेपालको संविधानको व्यवस्था र मर्म, प्रेस स्वतन्त्रताको प्रचलित मान्यता र अभ्यासविपरीत भएको भन्दै महासंघले आपत्ति जनाएको छ। नेपाल पत्रकार महासंघले ' महासंघ उक्त आदेशप्रति पुनर्विचार गर्न सम्बन्धित निकायसँग आग्रह गर्दै अन्यथा त्यसविरुद्ध अदालती प्रक्रिया तथा अन्य गतिविधि गर्न बाध्य हुने प्रस्ट पार्दछ,' विज्ञप्तिमा भनिएको छ। अर्कोतर्फ दुई पूर्व गृहमन्त्री नारायणकाजी श्रेष्ठ र जनार्दन शर्माले पत्रकार पाठकविरूद्ध पक्राउ पूर्जी जारी हुनु निन्दनीय कार्य भएको बताएका छन्।

बुधबार पाठकविरुद्ध काठमाण्डु जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएपछि श्रेष्ठ र शर्माले सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै आपत्ति जनाएका छन्।

श्रेष्ठले पत्रकार पाठकविरुद्ध पक्राउ पुर्जी जारी गरिनु निरंकुश, असहिष्णु, प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्य मान्यता विरोधी निन्दनीय कार्य भएको बताए। उनले पाठकविरुद्ध जारी गरिएको पक्राउ पुर्जी तत्काल खारेज गर्न माग समेत गरे।

समाचार लेखे बापत पत्रकारलाई पक्राउ पुर्जी जारी गर्नु प्रेस स्वतन्त्रता एवं संविधान विपरित कार्य भएको बताउँदै गलत समाचार प्रकाशित गरेमा प्रेस काउन्सिल मार्फत आवश्यक प्रक्रिया चाल्न सकिने उनले बताए। पत्रकार पाठकले कांग्रेस सभापति शेरबहादुर देउवाका छोरा जयवीर देउवाले नक्सालस्थित हिल्टन होटल खरिद गरेको भन्दै आफ्नो युट्युब च्यानलमा टफ टकमा 'टफ एक्स्प्लेनर' सामग्री प्रसारण गरेका थिए।

पत्रकार पाठकले समाचार प्रकाशित गरेकै कारण सरकारले जबर्जस्ती गर्न खोजेको बताएका छन्। काठमाण्डु जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएसँगै पत्रकार पाठकले प्रेस काउन्सिल नेपालमा निवेदन दिँदै आफूलाई विद्युतीय अपराध ऐन आकर्षित गरेर कारबाही गर्न खोजिएकाले गम्भीर आशंका उब्जिएको बताएका हुन्। पत्रकार पाठकले आफूविरुद्ध लगाइएका आरोप र उठाइएका प्रश्नहरूबारे जानकारी नपाएकाले प्रेस काउन्सिलसँग सहयोग पनि मागेका छन्।

जयवीरसिंह देउवाले दिएको उजुरीका आधारमा नेपाल प्रहरीको साइबर ब्युरोले पाठकविरुद्ध मंगलबार पक्राउ पुर्जी जारी गरेको छ। यता यस घटनालाई लिएर नेपाल पत्रकार महासंघ, प्रेस सेन्टर नेपाल, प्रेस चौतारी नेपाललगायत पत्रकारसम्वद्ध विभिन्न संगठनले आपत्ति जनाएको छ।








# संसद्लाई अल्झाउँदा लोकतन्त्रलाई नोक्सान पुगेको छः पूर्वप्रधानमन्त्री भट्टराई

काठमाण्डु । नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा बाबुराम भट्टराईले संसद्लाई अल्झाउने कार्यले लोकतन्त्रलाई नै ठूलो नोक्सान पुऱ्याइरहेको बताउनुभएको छ।

राष्ट्रिय समाचार समिति (रासस) सँग कुराकानी गर्दै उहाँले संसद् जनताका मुद्दाभन्दा राजनीतिक दलका नेता र दलहरुको इगो साँध्ने थलो जस्तो बनेकामा दुःख लागेको प्रतिक्रिया दिनुभयो।

अध्यक्ष भट्टराईले भन्नुभयो, "विधेयकहरु पारित गर्नुपर्नेछ, राष्ट्रिय तथा अन्तरराष्ट्रिय मुद्दाहरु पनि छन्, अहिले बजेट अधिवेशन छ। आर्थिक विषयमा गम्भीर चर्चा गर्नुपर्छ। त्यतापछि ध्यान नदिइ अल्झाउन लोकतन्त्रलाई नै ठूलो नोक्सान पुऱ्याएको छ।"मुलुकमा भइरहेको संसदीय अभ्यास, वामपन्थी एकता, विप्रेषण, युवाहरु विदेशपलायनलगायतका विषयमा पूर्वप्रधानमन्त्री डा भट्टराईसँग गरिएको कुराकानीको सम्पादित अंशः

> म मुलुक बनाउन हिँडेको व्यक्ति हुँ । अहिले एकताभन्दा पनि रुपान्तरण हो । परिवर्तन चाहिएको छ । अहिलेको अग्रगामी विचार सोच, शैलीसहितको समग्र विचारको पुनःसंश्लेषण, राजनीतिक शक्तिको पुनःसंरचना र अर्थतन्त्रको आमुल रुपान्तरण नै अबको आवश्यकता हो ।



केही दिनदेखि निरन्तर संसद् अवरोध भएकामा मलाई असाध्यै दुःख र चिन्ता लागेको छ। हामीले नेपालमा जे शासन प्रणाली अपनाएका छौँ, यो परम्परागत खालको 'वेष्ट मेनेष्टेरियल' संसदीय प्रणाली होइन, त्योभन्दा अगाडि बढेको समावेशी सहभागितामूलक लोकतन्त्र उन्मुख भएका संसदीय लोकतान्त्रिक प्रणाली अपनाएको छौँ । त्यसको अभ्यासमा एकदमै कमजोरी भएको म देख्छु।

सत्तामा रहुञ्जेल सबै ठीक छ भन्ने सत्ताबाट निस्केपछि केही पनि ठीक छैन भन्ने प्रवृत्तिले खाली एउटा औपचारिक लोकतन्त्रको मात्रै कुरा गर्छ। त्यसबाट वाक्कदिक्क भएर नै हामीले विद्रोह गरेर नेपालको लोकतन्त्रलाई अझ उन्नत बनाउनुपर्छ भनेर लडेका थियौँ।

नेपालको अहिलेको संसदीय अभ्यास पनि उही परम्परागत संसदीय अभ्यास जस्तै रुमलिने र महिनौँसम्म संसद्लाई अल्झाइराख्ने काम भएको छ । संसद् जनताका मुद्दाभन्दा नेताका र दलहरुको इगो साँध्ने थलो जस्तो बनेको छ। यसमा मलाई अन्यन्त दुःख लाग्छ । किनकी केही वर्षयताकै तथ्य हेर्दा महिनौँसम्म सामान्य विषयलाई लिएर सदन अवरुद्ध गर्ने र काम केही पनि नगर्ने भयो । विधेयकहरु पारित गर्नुपर्नेछ। राष्ट्रिय तथा अन्तरराष्ट्रिय मुद्दाहरु छन्। अहिले बजेट अधिवेशन छ। आर्थिक विषयमा गम्भीर चर्चा गर्नुपर्छ । त्यतापछि ध्यान नदिएर अल्झाउने जुन काम भइरहेको छ । त्यसले लोकतन्त्रलाई नै ठूलो नोक्सान पुऱ्याएको छ।

नेपालको अर्थतन्त्र युगौँदेखि असाध्यै कक्रिएर बसेको छ। लोकतन्त्रले यसलाई खुलापनमा ल्याइसकेपछि हाम्रो साधनस्रोतको व्यापक परिचालन गरेर छोटो अवधिमा ठूलो फड्को हान्ने नीति हामीले लिनुपर्नेथ्यो । त्यो लिन नसक्दा यो जहाँको तही रुमलिएर बसेको छ।

त्यसैले मैले सुरुदेखि नै के भन्दै आएको छु कि नेपालको अर्थतन्त्र आन्तरिक रुपमा यो गतिहीनता हो र बाह्य रुपमा चै यो परनिर्भरता हो । आन्तरिक गतिहीनता र बाह्य परनिर्भरताको साङ्लोमा नेपाली अर्थतन्त्र लामो समयदेखि परेको छ । यसलाई मुक्ति दिनु नै मुख्य जोड हुनुपर्ने थियो । त्यसो हुन सकेन । त्यसैले हामीले गर्न खोजेको प्रयास पनि त्यही हो।

परम्परागत राजनीतिक सोच, संसदीय खेलमा मात्रै रमाएर मात्रै बस्ने जुन प्रवृत्ति बढ्यो । त्यसले चै यो आर्थिक रुपान्तरणलाई जोड दिन सकेन । त्यस अर्थमा पनि समग्र राजनीतिको पुनःसंरचना आवश्यक छ र वैकल्पिक राजनीति आवश्यक छ भन्ने विश्वास बढ्दैछ।

नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि ल्याएको बजेटमा केही सामान्य सुधारात्मक कुरा छन्। जस्तै सूचना प्रविधिका क्षेत्रमा जोड दिने, योजना कार्यान्वयन नियमावलीलाई संशोधन गरेर सहज बनाउने भन्ने छ, तर यो क्यान्सरको बिरामीलाई झारफूक गरेजस्तो मात्र हो । त्यसैले यसलाई परम्परागतको निरन्तरता भनिएको हो। यसले हामीलाई कहीँ पनि पुऱ्याउँदैन। एउटा क्रमभङ्ग गर्ने नीति नलिइकन यस्ता प्रकारका बजेटहरु वर्षौंदेखि देखिरहेका छौँ। यसले हामीलाई कहीँ पनि पुऱ्याउँदैन।

म मुलुक बनाउन हिँडेको व्यक्ति हुँ । अहिले एकताभन्दा पनि रुपान्तरण हो । परिवर्तन चाहिएको छ। अहिलेको अग्रगामी विचार सोच, शैलीसहितको समग्र विचारको पुनःसंश्लेषण, राजनीतिक शक्तिको पुनःसंरचना र अर्थतन्त्रको आमुल रुपान्तरण नै अबको आवश्यकता हो। त्यसर्थमा हामीले हाम्रो चिन्तनलाई नै नयाँ ढङ्गले अगाडि नबढाइ हुँदैन।

अग्रगमनमा जाने गरी संविधान संशोधन आवश्यक छ । पहिलो र दोस्रो दलको सरकार बनेपछि त्यसको औचित्य सावित गर्नुपर्छ। त्यसकारण त्यो औचित्यलाई भनेको मात्रै हो।

जनताका यही अधिकार बढी भए यसलाई कस्नुपर्छ भन्ने सोच उहाँहरुमा देख्छु। वर्तमान सरकारमा रहेका दलहरुले जनतालाई थप अधिकार दिने गरी संविधान संशोधन गर्नुहुन्छ भन्ने मलाई लाग्दैन। संविधान संशोधन गर्ने नै हो भने शासकीय प्रणालीमा सुधार गर्नुपर्छ। प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली केन्द्रमा, प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री प्रदेशमा। सङ्घ र प्रदेशमा प्रत्यक्ष तर पूर्ण समानुपातिक प्रतिनिधिसभा र प्रदेशसभा रहने गरी गर्नुपर्छ । त्यो भएमा मात्र संविधान संशोधनको अर्थ हुन्छ।

प्रदेशसभा सदस्य र मन्त्रीको सऺख्या घटाउने भनेको सामान्य कुरा हुन् । सङ्घीयतामा भएको भौगोलिक विभाजन मधेस प्रदेश बाहेक हिजोकै विकास क्षेत्र हुन पुगेको छ।

सङ्घीयताको मर्म भनेको बहुजातीय र बहुभाषिक मुलुकमा त्यसको सही प्रतिनिधित्व हुने गरी बनाउनुपर्ने हो। जसबारे हामीले सुरुदेखि नै मत राख्दै आएका छौँ। त्यसैले सङ्घीयताको पुनःसंरचना छँदै छ। सँगसँगै सङ्घ, प्रदेश र स्थानीय तहको जुन अधिकार संविधानमा लेखिएको छ, त्यसलाई ठीक ढङ्गले कार्यान्वयन गर्नका निम्ति कानुनहरु बनाउनुपर्नेछ।

त्यसलाई सहज गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने जुन आयोग छन्, असाध्यै कमजोर प्रकृतिका भएको हुँदा अधिकार सम्पन्न बनाउने र अदालतको पनि सुदृढीकरणजस्ता विषयमा संविधान संशोधन गर्न आवश्यक छ।रासस

# रौतहटमा लुटपाटमा संलग्न लुटेरा पक्राउ, भागेकाको खोजीकार्य जारी



रौतहट। रौतहट प्रहरीले लुटपाटमा संलग्न रौतहट जिल्ला यमुनामाई गाउँपालिका-१ जेठरहीया झाझपुल स्थायी ठेगाना भएका २२ वर्षीय मुकेश महतो र २० वर्षीय सीताराम महतोलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रमुख नेत्रमणि गिरीले बुधबार बिहान झाझपुल नजिकै लुकिछिपी बसेका व्यक्तिहरुले रौतहट दुर्गाभगवती गाउँपालिका-३ मत्सरीका ३५ वर्षीय कृष्णमणि झालाई लुटपाट गरिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरेको जानकारी दिनुभयो।

लुटपाट गर्ने उद्देश्यले झाझपुल नजिक लुकिछिपी बसी रहेका सात/आठ जना अपरिचित्त व्यक्तिले मोटरसाइकलमा सवार झालाई रोकी निजको साथमा रहेको धनमाल लुटी मोटरसाइकलसमेत लैजान लागेको अवस्थामा उनीहरूलाई पक्रेको प्रहरीले जनाएको छ। सो घटनामा संलग्न पेसेवर केही लुटेरा भागेको र अहिले तिनीहरूको खोजीकार्य तीव्र गतिमा भइरहेका प्रहरी प्रमुख गिरीले जानकारी दिनुभयो।

यसअघि पनि सो क्षेत्रमा लेटेरा समूहले धनमाल लुट्ने गरेको तथा स्थानीयलाई दुःख दिने गरेको र आपराधिक गतिविधि बढेको भन्ने सूचनाप्राप्त भएपछि त्यस क्षेत्रमा सुरक्षागस्ती बढाइएको पनि प्रहरीले बताएको छ। सो घटनामा पक्राउ परेका दुई लुटेरसँग बयान लिने काम भइरहेको र भागेहरूको खोजी भइरहेको जानकारी दिँदै प्रहरी प्रमुख गिरीले जिल्लाको शान्ति सुरक्षा, अमनचयन कायम गर्न प्रहरी प्रशासन प्रतिबद्ध रहेको बताउनुभयो।रासस

## तस्बिर प्रदर्शनीले पर्वतीय पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने

काठमाण्डु। न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष सङ्गीता खड्काले तस्बिर प्रदर्शनीले नेपालको पर्वतीय पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभएको छ।

अठारौँ गणतन्त्र दिवसका अवसरमा राष्ट्रिय समाचार समिति (रासस)ले आयोजना गरेको 'पर्वतीय पर्यटनः हाम्रो शान, हाम्रो पहिचान' विषयक तस्बिर प्रदर्शनीको बुधबार अवलोकनपछि अध्यक्ष खड्काले प्रदर्शनमा राखिएका तस्बिरले विश्व समुदायसामु नेपालको पहिचानलाई प्रवर्द्धन गर्न सहयोग गर्ने बताउनुभयो। आगामी दिनमा आमनागरिकसामु पर्वतीय क्षेत्रको सौन्दर्यताको प्रचारप्रसार गर्न यस्ता तस्बिर प्रदर्शनी भइरहनुपर्ने सुझाव दिनुभयो।

"राससले विगतदेखि विभिन्न विषयमा फोटो प्रदर्शनी आयोजना गरिरहेको छ। पर्वतीय पर्यटन, हिमशृङ्खला, हिमाली जनजीवनलगायत विषयसम्बन्धी महत्त्वपूर्ण फोटोहरू समावेश गरी प्रदर्शनीमा राख्दा यसले राज्यको एउटा चित्र देखाएको छ", उहाँले भन्नुभयो, "नेपाल प्राकृतिक सम्पदामा कति धनी रहेछ भनेर यहाँका तस्बिरले देखाएको छ।रासस

## भोट भाषाको समाचार सेवा सुरु गर्न बौद्ध महासङ्घको आग्रह



काठमाण्डु । नेपाल बौद्ध महासङ्घले सरकारी सञ्चारमाध्यमहरुबाट भोट भाषामा समाचार, सूचना तथा कार्यक्रम उत्पादन, प्रकाशन तथा प्रसारणको व्यवस्था गरिदिन सरकारको ध्यानार्कषण गरेको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङसमक्ष बुधबार ज्ञापनपत्र हस्तान्तरण गर्दै महासङ्घले गोरखापत्र, रेडियो नेपाल तथा नेपाल टेलिभिजनजस्ता राष्ट्रिय प्रसारण संस्थामार्फत भोट भाषामा समाचार, सूचना तथा कार्यक्रम उत्पादन, प्रकाशन तथा प्रसारण व्यवस्थाका लागि पहल गरिदिन आग्रह गरेको हो।

महासङ्घका अध्यक्ष नुर्बु थुन्डु शेर्पा (गेसे थुप्तेन जिन्पा)ले विशेषगरी देशका हिमाली र पहाडी क्षेत्रका बासिन्दाले प्रयोग गर्दै आएको भोट भाषाको संरक्षण र प्रवर्धन गर्ने जिम्मेवारी नेपाल सरकारको रहेको उल्लेख गर्दै मातृभाषाको पक्षमा वकालत गर्नुहुने सञ्चारमन्त्री गुरुङकै कार्यकालमा भोट भाषाले प्राथमिकता पाउने विश्वास व्यक्त गर्नुभयो।

महासङ्घले बुधबरा बुझाएको ज्ञापनपत्रमा नेपाल बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक राष्ट्र भएकाले विविधतायुक्त समुदायको भाषा, संस्कृति र पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्नु राज्यको संवैधानिक दायित्व रहेको उल्लेख छ । यसैगरी भोट भाषा केवल सम्प्रेषणको माध्यम मात्र नभइ शैक्षिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक दृष्टिले पनि अत्यन्तै महत्वपूर्ण रहेको र बौद्ध धर्मका मूलशास्त्रहरूमा सातौँ शताब्दीतिर नै भोट भाषामा अनुवाद गरिएको ऐतिहासिक तत्थ्यप्रमाणसहितको दस्तावेज फेलापरेको समेत ज्ञापन पत्रमा उल्लेख छ।

नेपालमा सञ्चालित गोन्पा शिक्षाको सन्दर्भमा २०६५ सालदेखि पाठ्यक्रम विकास केन्द्रबाट माध्यमिक तहसम्मको पाठ्यक्रम तथा पाठ्यपुस्तक भोट भाषामा तयार गरी गोन्पा तथा सामुदायिक विद्यालयहरूमा पठनपाठन भइरहेको छ।रासस

# दिगो विकासका आधार सिर्जना गर्न एकीकृत वित्त रणनीति बनाइने

काठमाण्डु । सबै किसिमका वित्तीय स्रोत परिचालनमार्फत लगानी र दिगो विकासका आधार सिर्जना गर्न सरकारले एकीकृत राष्ट्रिय वित्त रणनीति तयार पारी कार्यान्वयन गर्ने भएको छ। संसद्मा प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत सरकारले राष्ट्रिय वित्त व्यवस्थापन सुधार रणनीति कार्यान्वयन गर्न लागेको हो।

उक्त रणनीतिको मस्यौदा तयार पार्न 'इन्टिग्रेटेड नेसनल फाइनान्सिङ फ्रेमवर्क्स' (आइएनफएएफ) को सहयोग लिइएको छ।

अर्थ मन्त्रालयले आज यहाँ एक कार्यशाला आयोजना गर्दै रणनीतिको मस्यौदामाथि छलफल गरी सुझाव लिएको छ।

अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्माले लगानीका स्रोत केके हुन सक्छन्?, कसरी परिचालन गर्न सकिन्छ? भनेर एकीकृत रणनीति तयार पार्न लागिएको बताउनुभयो। "नेपालको विकास आवश्यकताअनुसार कस्ता किसिमका वित्तीय स्रोतहरू जुटाएर कुन अवधारणामा कार्यान्वयन गर्न सकिन्छ भन्ने स्पष्टतासहितको एकीकृत रणनीति आवश्यक छ। पुरानै शैलीका लगानी र वित्त अवधारणालाई समयसान्दर्भिक बनाउन, नवीनतम स्रोत तथा अवधारणा अवलम्बन गर्न यो रणनीति बनाउन लागिएको हो", उहाँले भन्नुभयो।



संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) नेपालका आवासीय प्रतिनिधि क्योको योकोसुकाले नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदै गर्दा गुमाउन सक्ने विभिन्न सुविधाहरूका बारेमा विश्लेषण गरी दिगो विकास लक्ष्य प्राप्त गर्न आवश्यक पर्ने कार्ययोजनाका लागि एकीकृत राष्ट्रिय वित्त रणनीति सहयोगी हुने बताउनुभयो।

दिगो विकास लक्ष्यहरू हासिल गर्न आवश्यक पर्ने वित्तीय व्यवस्थामा आउनसक्ने अवरोध र चुनौती समाधान गर्न आइएनएफएफले विभिन्न देशहरूलाई सहयोग गर्दै आएको छ। रासस

## नाम परिवर्तन सम्बन्धी सूचना

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं २४०१७२/०७७/०७८ को साविक नाम श्रीवर्धन ग्रुप अफ कम्पनीज प्रा. लि. कम्पनीको नाम परिवर्तन भई अब उपरान्त जनक टेक प्रा. लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**जनक टेक प्रा. लि.**
**जनकपुरधाम उपमहानगरपालिका–७, धनुषा**

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ। |
| वृष : | आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ। मेहनत गर्दा अवसर पाइनेछ। |
| मिथुन : | नयाँ व्यवसाय सूरु गर्ने मौका छ। |
| कर्कट : | प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। |
| सिंह : | रमाइलो यात्राको अवसर जुट्न सक्छ। अप्ठयारा कामको बोझ थपिने संभावना छ। |
| कन्या : | सूरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। |
| तुला : | प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। |
| वृश्चिक : | पैत्रिक सम्पत्तिको उपयोगबाट थप फाइदा उठाउन सकिनेछ। |
| धनु : | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ |
| मकर : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ। |
| कुम्भः | लगनशीलताले महत्वपूर्ण काम दिलाउन सक्छ। |
| मीन : | बोलीको प्रभावले धेरैलाई आकर्षित गर्नुका साथै सजिलै काम बन्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्जको नारायणी अस्पतालमा ल्याइएको नयाँ जेनेरेटर ट्रकबाट मेसिनको सहायताले झार्दै। *तस्विरः रासस*

# भन्सार छलेर भित्र्याइएका सामान बरामद



वीरगञ्ज। सशस्त्र प्रहरी बल नेपालको पर्सा इकाइले भन्सार छलेर भित्र्याइएका रु १३ लाख ७१ हजार बराबरका सामान बरामद गरेको छ।

सशस्त्र प्रहरीले विभिन्न स्थानबाट सो परिमाणको भन्सार छली गरेर भित्र्याइएका सामान बरामद गरेको हो।

सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी देवेन्द्रबहादुर सिंहका अनुसार सशस्त्र प्रहरीले वीरगञ्ज महानगर-१० बजरङ्गस्थित सुधा कुञ्जबाट धीरज रौनियारले भारतबाट अवैध रूपमा भन्सार छली चोरीपैठारी गरी ल्याई गोदाममा भण्डारण गरी राखेको रु सात लाख ७० हजार ५०० मूल्यका कपडा बरामद गरेको छ। सशस्त्र प्रहरीले बिआर०५यु ४५३० नम्बरको करिब एक लाख ५० हजार मूल्य पर्ने सुपर स्प्लेन्डर भारतीय मोटरसाइकल पनि बरामद गरेको छ।

बरामद गरिएका कपडा र मोटरसाइकल वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको छ। सशस्त्रले वीरगञ्ज महानगर-१० तथा १६ बाट विभिन्न सीमानाकाबाट रु दुई लाख ४८ हजार १०१ बराबरको कपडा तथा मसला बरामद गरेको छ। मङ्गलबार नै सशस्त्र प्रहरीले बिन्दवासिनि गाउँपालिका प्रसौनिबाट भारतबाट अवैध रूपमा भन्सार छली बिआर२२यु १४३२ नम्बरको मोटरसाइकलबाट ल्याउँदै गरेको रु २३ हजार ३८० मूल्यका किरानाका सामान बरामद गरेको छ।रासस

# ट्राफिक जनचेतना जगाउँदै ट्राफिक सप्ताह




वीरगञ्ज। पर्सामा सप्ताहव्यापी जनचेतनामूलक कार्यक्रम गरेर ट्राफिक सप्ताह मनाइएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयले यही जेठ २२ गतेदेखि आजसम्म ट्राफिक सप्ताह मनाएको हो।

कार्यालयले चोक-चोकमा र विद्यालय-विद्यालयमा पुगेर सवारी दुर्घटना न्यूनीकरण र ट्राफिक जनचेतनामूलक कार्यक्रम गरेको छ। ट्राफिक सप्ताहको समापनमा वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहले ट्राफिक जनचेतनामूलक कार्यक्रम एकदिन मात्रै नभएर ३६५ दिन आवश्यक रहेको बताउनुभयो। "ट्राफिक नियम पालना गराउने जिम्मेवारी ट्राफिक प्रहरीको मात्रै होइन", उहाँले भन्नुभयो, "ट्राफिक नियमको पालना सामूहिक रुपमा गरेर अघि बढेको खण्डमा प्रभावकारी हुन्छ।"

नगरप्रमुख सिंहले एक अर्को निकायलाई दोषारोपण गर्नेभन्दा सामूहिक रुपमा ट्राफिक नियम कार्यान्वयन गर्नुपर्ने बताउनुभयो। महानगरका उपप्रमुख इम्तियाज आलमले ट्राफिक नियम सहरी क्षेत्रमा मात्रै नभएर ग्रामीण क्षेत्रमा पनि पालना गर्नुपर्ने बताउनुभयो।

निमित्त प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले नेपालमा सवारी दुर्घटनामा दैनिक सात जनाको ज्यान जाने भएकाले ट्राफिक नियमको पालना कडाइपूर्वक गर्नुपर्ने बताउनुभयो।

"सवारी दुर्घटनामा परेर अकालमै मृत्यु हुनेको तथ्याङ्क बढेको छ। त्यसैले सरोकारवाला निकायले समन्वय गरेर सवारी दुर्घटना न्यूनिकरण गर्नेतर्फ अघि बढ्न जरुरी भइसकेको छ", उहाँले भन्नुभयो। पर्सामा चालु आर्थिक वर्षको जेठ २७ गतेसम्ममा सवारी दुर्घटनामा ३५ जनाको मृत्यु भएको छ।

पर्साका प्रहरी प्रमुख गौतम मिश्रले ट्राफिक प्रहरीसँग पर्याप्त मात्रामा पूर्वाधार नहुँदा काम गर्न अप्ठेरो परेको गुनासो गर्नुभयो। "सडकमा अत्यावश्यक संरचनाको अभाव छ। जसका कारण ट्राफिक प्रहरी एक्लैले सबै समस्या समाधान गर्नसक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "वीरगञ्ज महानगरलगायतका स्थानीय सरकारले सडकमा आवश्यक बत्ती र अन्य सडक फर्निचरको प्रबन्ध मिलाइदिने हो भने ट्राफिक व्यवस्थापनमा धेरै सहज हुने थियो।"

जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख लोकराज भट्टले सप्ताहव्यापी अभियानअन्तर्गत पर्साका चोक-चोकमा ट्राफिक जनचेतनामूलक कार्यक्रम गरेको जानकारी दिनुभयो।

यातायात व्यवसायीको तर्फबाट जगतसाह कानुले यस्ता रचनात्मक कार्यक्रमले सवारी दुर्घटना न्यूनिकरणमा सघाउ पुर्याउने बताउनुभयो। ट्राफिक जनचेतनाकार्यक्रममाविद्यार्थीहरुको सहभागिता थियो।रासस

# 'साझेदारी वन गरिब समुदायलाई फाइदा पुर्याउने गरी क्रियाशील हुनुपर्छ'

पाटन। वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले साझेदारी वन अतिविपन्न तथा गरिब समुदायलाई फाइदा पुर्याउने गरी क्रियाशील हुनुपर्नेमा जोड दिनुभएको छ।

वन तथा भू संरक्षण विभागद्वारा बुधबार ललितपुरमा आयोजित 'तेस्रो राष्ट्रिय साझेदारी वन गोष्ठी' मा मन्त्री ठकुरीले साझेदारी वन व्यवस्थापन पद्दतिले प्राकृतिक स्रोत संरक्षण र दिगो वन व्यवस्थापनमा सहयोग पुर्याउने विश्वास व्यक्त गर्नुभयो।"साझेदारी वन पद्दतिको सफलताका साथसाथै विभिन्न किसिमका चुनौती हामीमाझ छन्। सङ्घीय संरचनाको अभ्यास सँगसँगै केही नीतिगत र कानुनी जटिलता देखिएका छन्। सङ्घीय कानुन र प्रदेश कानुनबीचमा फरकपनले पनि चुनौती थपिएको छ। उपभोक्ता र सरकारबीच बाँडफाँट हुने वन पैदावार तथा राजस्व वितरणका विषयमा आगामी दिनमा एकरुपता कायम गरी अगाडि बढ्नुपर्ने आवश्यकता छ", मन्त्री ठकुरीले भन्नुभयो।

उहाँले साझेदारी वन पद्दतिलाई उपभोक्ताले वनबाट प्राप्त गर्ने वन पैदावरको हिस्सेदार बनाउनुपर्नेमा जोड दिनुभयो। "नेपालको ग्रामीण अर्थतन्त्र र समृद्धिको आधार वन हुनुपर्छ। यसको व्यवस्थापन, संरक्षण र उपयोगमा ध्यान दिनुहोस्, सामुदायिक वन र साझेदारी वन एकअर्काका परि पूरक हुन्, सहकार्य र समन्वयका आधारमा अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो। मन्त्री ठकुरीले भन्नुभयो, "साझेदारी वन व्यवस्थापन पद्दतिको विशेषता भनेको तीनै तहका सरकार, वन क्षेत्रभन्दा टाढा रहेका उपभोक्ताको सहभागिता र समावेशी सिद्धान्तका आधारमा वन व्यवस्थापन गर्नु र लाभको बाँडफाँट उचित तवरले हुनु हो।"

मन्त्री ठकुरीले सङ्घीय र प्रदेश कानुनमा भएका फरकपनलाई हटाएर एकरुपता कायम गर्नुपर्ने बताउँदै नीति तथा कार्यक्रम र बजेटमा आएका विषयलाई प्रभावकारी कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिनुभयो। उहाँले स्वदेशी काठ खेर जाने विदेशी काठ आयात गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिँदै वन र वातावरणसँग सम्बन्धित अध्ययन संस्थानलाई अध्ययन अनुसन्धानमा लगाउनुपर्ने बताउनुभयो।

वन तथा वातावरण राज्यमन्त्री रुपा विकले सहभागितामूलक रूपमा वन व्यवस्थापन गर्न सकिन्छ भन्ने उदाहरण साझेदारी वन व्यवस्थापन प्रणाली रहेको बताउनुभयो। उहाँले नीतिगत सुधार, संस्थागत क्षमता विस्तार र सरोकार भएका निकायबीच सहकार्यको अभावमा साझेदारी वन व्यवस्थापनमा चुनौती थपिँदै गएको उल्लेख गर्नुभयो।

वन तथा वातावरण मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले साझेदारी वन सामुदायिक वनभन्दा फरक रहेका बताउँदै साझेदारी वनले नौ लाख परिवारका ५१ लाख जनसंख्यालाई लाभ पुर्याउन सकेकामा खुसी व्यक्त गर्नुभयो। उहाँले सामावेशी र सुशासनको आधारमा वनको संरक्षण, व्यवस्थापन र उपयोगलाई जोड दिनुपर्ने बताउनुभयो।



साझेदारी वन महासङ्घका अध्यक्ष रामप्रसाद चौधरीले साझेदारी वनको सही व्यवस्थापन, देशभरको एकरुपता र उपयोग गर्ने नीति सही नहुँदा पर्याप्त लाभ हासिल हुन नसकेको बताउनुभयो। उहाँले हरेक तीन वर्षमा हुनुपर्ने साझेदारी वन गोष्ठी आठ वर्षपछि मात्रै भएकामा दु:ख व्यक्त गर्दै आगामी दिनमा नियमित रूपमा गोष्ठी गर्ने वातावरण सरोकार भएका सबै निकायबाट हुनुपर्ने माग गर्नुभयो।राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका अध्यक्ष डा किरण पौडेलले साझेदारी वन व्यवस्थापनका माध्यमबाट काठको माग परिपूर्ति हुनुपर्नेमा जोड दिनुभयो। उहाँले तराईका वनमा भएका काठलाई उपयोग गरेर राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउनुका साथै विदेशी काठको आयातलाई निरुत्साहित गर्न सकिने धारणा राख्नुभयो।

त्रिभुवन विश्वविद्यालय वनविज्ञान अध्ययन संस्थानका डिन ठाकुर सिल्वालले अहिलेसम्म भएगरेका सिकाइ र बुझाइले के फाइदा भएको छ?, कति जनसंख्याले लाभ हासिल गरेका छन्? भन्ने अध्ययन गर्दै उपभोक्ताको अवस्थाको विश्लेषणात्मक तथ्याङ्क गोष्ठीमा आउने विश्वास व्यक्त गर्नुभयो। उहाँले वन पैदावरले राष्ट्रियस्तरका कुनकुन उद्योगमा सहयोग पुर्याउन सक्छ र राष्ट्रिय अर्थतन्त्रमा कस्तो योगदान पुर्याउँछ भन्ने विषयमा छलफल केन्द्रित हुने अपेक्षा राख्नुभयो।

वन विभागका उपमहानिर्देशक अजितकुमार कर्णले दिगो वन व्यवस्थापनका लागि दीर्घकालीन नीतिगत व्यवस्था गरेर अगाडि बढ्ने उद्देश्यका साथ जैविक विविधताको संरक्षण गर्नेगरी २०५७ सालदेखि अगाडि बढ्दै आएको बताउनुभयो।

तराईका १२ वटा जिल्लामा ३३ वटा साझेदारी वन रहेका जनाउँदै उहाँले वन पैदावर र राजस्वको क्षेत्रमा साझेदारी वनको महत्त्वपूर्ण योगदान रहेको उल्लेख गर्नुभयो।

वनतथाभूसंरक्षणविभागअन्तर्गत साझेदारी वन महाशाखा प्रमुख धनञ्जय लामिछानेले साझेदारी वनको विद्यमान अवस्था, हालसम्मका उपलब्धि र चुनौती, सम्भावनालगायत विषयका बारेमा विषयगत छलफल गरी सरोकार भएकाबीच साझा बुझाइ कायम गर्न र भावी कार्यदिशा तय गर्न गोष्ठी महत्त्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो।

वन तथा भूसंरक्षण विभागका महानिर्देशक बद्रीराज ढुङ्गेलले विसं २०७१ मा पहिलो र २०७४ सालमा दोस्रो गोष्ठी सम्पन्न भएपछि लामो समयसम्म छलफल र अन्तरक्रिया नहुनु समस्या रहेको भन्दै आगामी दिनमा सहकार्य र समन्वय गरी अगाडि बढ्नुपर्ने बताउनुभयो।साझेदारी वन सङ्घीय सरकार, तत्कालीन जिल्ला वन कार्यालय, स्थानीय निकाय र टाढाका परम्परागत उपभोक्ताको साझेदारीमा करिब दुई दशकदेखि कार्यान्वयनमा रहेको वन व्यवस्थापन प्रणाली हो।

अहिलेप्रदेश सरकारअन्तर्गतको डिभिजन वन कार्यालय, स्थानीय सरकारका पालिका र परम्परागत उपभोक्ताको साझेदारीमा विभिन्न ११ जिल्लाका १२ वटा डिभिजन वन कार्यालयअन्तर्गत ३२ वटा ठूलो क्षेत्रफलका वन, विभिन्न संवर्द्धन प्रणालीसहित व्यवस्थापन हुँदै आएका छन्। यसबाट करिब ८० हजार हेक्टर वन व्यवस्थापन भइरहेको छभने नौ लाख बढी परिवारका ५१ हजारभन्दा बढी जनसंख्या लाभान्वित हुँदै आएका छन्।

वन ऐन, २०७६ ले वनको विकास र दिगो व्यवस्थापन गरी अर्थतन्त्रमा टेवा पुर्याउने, वनक्षेत्रको नजिक वा टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी र व्यवस्था गर्ने, वन पैदावार आपूर्तिको व्यवस्था गर्ने, वनक्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्ने, खाली क्षेत्रको उपयोग गर्ने, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने, उपभोक्ताको जीविकोपार्जनमा सुधार ल्याउने साझेदारी वन व्यवस्थापनका उद्देश्य हुन्।नेपालमा सङ्घीयता लागू भई नयाँ वन ऐन कार्यान्वयन भएपछि वन संवर्द्धन तथा डिभिजनल वन अधिकृत राष्ट्रिय गोष्ठीहरू सम्पन्न भइसकेका छन्।रासस

# दश महिनामा प्रदेश सरकारले गरे रु एक खर्ब खर्च



काठमाण्डु। चालु आर्थिक वर्षको १० महिनामा प्रदेश सरकारहरुले रु एक खर्ब १७ करोड बराबर रकम खर्च गरेका छन्। नेपाल राष्ट्र बैंकका अनुसार सो अवधिमा प्रदेश सरकारले स्रोत परिचालन रु एक खर्ब ६१ अर्ब ७७ करोड गरेका छन्।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा सङ्घीय सरकारले वित्तीय समानीकरण अनुदान प्रदेश सरकारका लागि रु ६० अर्ब उपलब्ध गराएको थियो। सशर्त अनुदान रु २५ अर्ब ८४ करोड र पूर्वाधारका आयोजना कार्यान्वयन गर्न समपूरक अनुदान रु ६ अर्ब २० करोड उपलब्ध गराएको थियो।

प्रदेश सरकारहरुको कुल स्रोत परिचालनमा सङ्घीय सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु एक खर्ब २३ अर्ब १५ करोड र प्रदेश सरकारहरुले परिचालन गरेको तथा अन्य स्रोतबाट प्राप्त राजस्व रु ३८ अर्ब ६२ करोड रहेको थियो।केन्द्रीय बैंकका अनुसार, गत वैशाख मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु तीन खर्ब ३६० अर्ब ९८ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ। विसं २०८१ असार मसान्तमा यस्तो मौज्दात रु ९३ अर्ब ९६ करोड रहेको थियो।

समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु नौ खर्ब २२ अर्ब ४३ करोड पुगेको छ।

यसअन्तर्गत कर राजस्व रु आठ खर्ब २८ अर्ब ९४ करोड र गैर कर राजस्व रु.९३ अर्ब ४९ करोड परिचालन भएको छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को दश महिनामासरकारको कुल खर्च रु ११ खर्ब ५७ अर्ब ८९ करोड रहेको छ। समीक्षा अवधिमा चालु खर्च रु सात खर्ब ७३ अर्ब २३ करोड, पुँजिगत खर्च रु एक खर्ब २० अर्ब ३८ करोड र वित्तीय व्यवस्था खर्च रु दुई खर्ब ६४ अर्ब २९ करोड रहेको छ।रासस


**कमला नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**माचि झिटकहिया, धनुषा**

**मधेश प्रदेश, नेपाल**

**Request For Sealed Quotation**


**[Online Publication on Ppmo website Date:-2082/02/29]**

1. Kamala Municipality, Dhanusha District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S. N. | Description | RFQ Document fee (non-refundable) | Bid Amount | Deadline of document purchase | submission deadline (Date & Time) | Opening Date & Time |
|---|---|---|---|---|---|---|
| 1 | Medicine Supply for basic and emergency services [KMN/SQ/Works/03/081-082] | Rs. 1000 | 50000 (Fifty Thousands Only) | 2082/03/12 12:00 Noon | 2082/03/13 12:00 Noon | 2082/03/13 2:00 PM |

For Detail Quotation Document and other information please visit Online PPMo website OF KAMALA MUNICIPALITY

**Chief Administration Officer**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जनकपुरधामको गौरव

जनकपुरधाममा रहेको राजर्षिजनक विश्वविद्यालयले पहिलो पटक दीक्षान्त समारोह सम्पन्न गरेको हो । विश्वविद्यालयका कुलपति समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले दीक्षित भएका विद्यार्थीहरुको उत्साह बढाउन आएर गोल्डमेडल विजेताहरुलाई उपहार र पदक प्रदान गरेका थिए। विभिन्न विधाका गरी १० जनाले उत्कृष्ट अंक ल्याएर गोल्डमेडल जितेका हुन् । १० जना गोल्डमेडलिष्टहरु मध्ये ८ जना छात्राहरु रहेका छन् । राजर्षि जनक विश्वविद्यालय स्थापननका लागि निकै लमो समय लोगेको थियो। स्थापना भएपछि त्यसलाई व्यवस्थित गर्नपनि धेरै समय लाग्यो । तर विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारी अमर यादवले पाएदेखि शिक्षा क्षेत्रमा उल्लेख्य प्रगति भएको छ। विश्वविद्यालयलका लागि गुठी संस्थानबाट जग्गा प्राप्तिदखि बिभिन्न संकायको पठनपाठन गराइ पहिलो दिक्षान्त समारोह सम्पन्न गरेको छ। दीक्षित विद्यार्थीहरुको मनोबल उच्च बनाउन कुलपति समेत रहेका प्रधानमन्त्री ओली समेत आएका थिए । राजर्षि जनक विश्वविद्यालयले जनकपुरधामको गौरव बढाएको छ । देशबाट सर्वाधिक रकम शिक्षाको नाममा विदेशी रहेको बखत राजर्षि जनक विश्वविद्यालयले गुणस्तरीय उच्च शिक्षा प्रदान गरी आफ्नो विशिष्ट पहिचान बनाएको छ। स्थापनाको कयौं वर्षसम्म ओझेलमा परेको राजर्षि जनक विश्वविद्यालय दीक्षान्त समारोहको भव्य आयोजन गरी सकारात्मक चर्चा पाएको छ । राजर्षि जनक विश्वविद्यालय संघीय सरकारको पूर्ण स्वामित्वको हो । मधेश प्रदेश सरकारले पनि ३ वटा विश्वविद्यालय सञ्चालनमा ल्याएको छ। त्यस मध्येको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएस र एमडीको अध्यापन शुरु भइसकेको छ। मधेश कृषि विश्वविद्यालयले राजविराजले पनि कृषि र पशु सम्बन्धी संकायहरुको पठनपाठन शुरु गरिसकेको छ। मधेश विश्वविद्यालय वीरगञ्जले पनि पठनपाठन शुरु गरेको छ प्राचिनकालमा जनकपुरधाम विद्याको केन्द्र रहेको थियो । राजा जनकको दरबारमा हुने शास्त्रार्थ त्यसको एउटा प्रमाण हो। जनकपुरधाममा सनातनी धर्मावलम्बी विद्वानहरु आएका र यहाँ पनि थुप्रै विद्वानहरु रहेका अनेक आधार प्रमाणहरु छन्। पूर्वकालमा शिक्षामा अगाडि रहेको मिथिलाको राजधानी जनकपुरधाम फेरि अगाडि बढ्न थालेको छ । यहाँका विश्वविद्यालयहरुले रोजगारमुलक शिक्षालाई प्राथमिकतामा राख्न आवश्यक छ । कुनै बेला जनकपुरधामको सरस्वती मा.वि., राराब क्याम्पसको नेपालमा उच्च प्रतिष्ठा थियो । पछिल्लो केही दशकमा त्यो प्रतिष्ठा निकै खस्केको छ। उच्च शिक्षाको क्षेत्रमा फेरि मधेशले फड्को मार्ने सकारात्मक संकेत देखिएको छ । राजर्षिजनक विश्वविद्यालय, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालयले यहाँको शिक्षालाई फेरि स्तरिय र मर्यादित बनाउन लागेको छ। मर्यादित शिक्षाका साथै प्राविधिक शिक्षामा विश्वविद्यालयहरुले जोड दिएका छन्। विश्वविद्यालयहरुले यहाँको गौरव बढाउन थालेको छ।

# विप्रेषणमा टिकेको नेपालको अर्थतन्त्र



डा.उदय रानामगर

विश्वव्यापीकरणपछि विश्वमा आप्रवासन एक तातो मुद्दा बनेको छ। विश्व आप्रवासन सङ्गठन (आइओएम)को अनुमानअनुसार सन् २०२० मा विश्वमा करिब २८ करोड १० लाख अन्तरराष्ट्रिय आप्रवासी छन्, जुन विश्वको जनसंख्याको ३.६ प्रतिशत हो । विश्वव्यापीकरणसँगै विश्वको जनसंख्यालाई एउटा भौगोलिक सीमाभित्र सीमित गर्न सकिँदैन । यसको कारण विश्वमा जता रोजगारी तथा व्यापारको अवसर छ, त्यता नै युवाको चाप बढ्ने गरेको छ। आप्रवासनबाट प्राप्त हुने विप्रेषण प्रायः देशका लागि प्राथमिक स्रोतको रुपमा रही आएको छ। विश्वमा सन् २०२२ मा अन्तरराष्ट्रिय आप्रवासीहरूबाट ८३१ अर्ब अमेरिकी डलर विप्रेषण आर्जन भएको देखिन्छ। विश्व बजारमा आप्रवासीहरूको संख्या विभिन्न कालखण्डमा बढेर गएको छ।

विश्वव्यापीकरणको कारण सन् १९७० को दशकमा विश्वको कूल जनसंख्याको २.३ प्रतिशत जनसंख्या मात्र आप्रवासनमा जाने गरेकामा सन् २०२४ मा आउँदा बढेको देखिन्छ। यसले विश्वव्यापीकरण पश्चात् विश्वका प्रायः सबै देशहरूबाट मानिसहरू आप्रवासनमा जाने प्रवृत्ति बढेको देखिन्छ।

सन् २०२३ मा प्रकाशित विश्व आर्थिक फोरमको रिपोर्टअनुसार सन् २०२७ सम्म विश्वको बजार श्रमशक्तिको प्रवृत्ति परिवर्तन हुँदै जाने र वर्तमान श्रम बजार संरचनामा २३ प्रतिशत रोजगारी संशोधित परिवर्तन हुने र ४४ प्रतिशत विद्यमान सीप रोजगारीलाई प्रत्यक्ष प्रभाव पर्ने उल्लेख छ। यसले विश्व श्रम बजारमा आठ करोड ३० लाख जनसंख्यालाई प्रत्यक्ष प्रभाव पार्ने र नयाँ सीप भएका करिब छ करोड रोजगारी सिर्जना हुने पनि प्रक्षेपण गरिएको छ । यसले बजारमा थप अवसर र चुनौतीको सिर्जना गरेको छ।

दक्षिण एसियाली मुलुकहरूबाट वैदेशिक रोजगारीमा जानेको संख्या अन्य क्षेत्रको तुलनामा बढी छ। यो प्रवृत्ति नेपाल पनि उल्लेख्य छ। नेपाल सरकारले निषेध गरेको देशबाहेक जुनसुकै देशमा नेपालीहरू रोजगारीका लागि जानसक्ने व्यवस्था छ । हाल नेपाल सरकारले वैदेशिक रोजगारीको लागि एक सय ११ देशलाई स्वीकृत दिएको छ। यसबाट देश बाहिर रोजगारीमा जानेको लागि अवसरहरु बढ्दै गरेको देखिन्छ। प्राडा विश्वम्भर प्याकुरेलका अनुसार नेपालमा मध्यमस्तरको आर्थिक वृद्धि हुँदा पनि आर्थिक वृद्धि र रोजगारीबिच कुनै सम्बन्ध देखिँदैन। यो हुनुको प्रमुख कारण विशेष गरेर बढी रोजगारी प्रदान गर्ने निर्माण र कृषि क्षेत्रमा नभएर आर्थिक वृद्धि सेवा क्षेत्रमा सीमित भएकोले हो। तथ्याङ्कले के देखाउँछ भने एक प्रतिशत जिडीपी वृद्धि हुँदा सेवा क्षेत्रबाट मात्र ०.६१ प्रतिशत रोजगारी वृद्धि भएको छ। यसले नेपालमा रोजगारीको अभावलाई झनै बल्झाएको देखिन्छ । यसको कारण रोजगारीको खोजीमा वैदेशिक रोजगारीमा जानेको सख्या उल्लेख्य छ। अर्कातर्फ नेपालको अर्थतन्त्रको महत्वपूर्ण स्रोतको रुपमा रहेको विप्रेषणको विगत १० वर्षको औसत अवस्था हेर्दा कूल गार्हस्थ्य उत्पादनमा औसत अंश २३ प्रतिशत रहेको देखिन्छ।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको आर्थिक संरचनालाई नयाँ आकार दिएको छ । यहाँबाट बाहिरिने आर्थिक रूपमा सक्रिय जनसंख्याले नेपालको विकासमा असर त गरेको छैन भन्ने कुरा सोचनीय बनेको छ। हुन त नेपालको वैदेशिक रोजगारीको इतिहास त्यति पुरानो नभएतापनि आर्थिक उदारीकरण नीतिको अवलम्बनपश्चात् यो बढ्न थालेको देखिन्छ । सन् १९९० को दशकबाट तीव्र भई वैदेशिक रोजगार जाने क्रम पनि बढेको देखिन्छ । नेपालमा बार्षिक नौ लाख मानिसहरु रोजगारी खोजीको क्रममा रहेको देखिन्छ । अध्ययनअनुसार एक प्रतिशत आर्थिक वृद्धि हुँदा ०.३३ प्रतिशतले रोजगारी वृद्धि हुने गरेको देखिन्छ। तर नेपालको सवालमा रोजगारीको पर्याप्त मात्रामा सिर्जना हुन नसक्दा यूवा रोजगारीको खोजीमा विदेशिने गरेका छन् ।

वैदेशिक रोजगारीबाट देशमा विप्रेषण आएकोले आर्थिक क्षेत्रमा भरथेग पुगेको छ । खाडीमुलुकमा जाने नेपालीहरूबाट आउने विप्रेषण गास, बास र स्वास्थ उपचारजस्ता क्षेत्रमा खर्च हुँदा रेमिट्यान्स पुँजी निर्माणमा उपयोगी हुन सकेको छैन । तथापि यो घरायसी आय र राष्ट्रिय जिडीपी वृद्धिको लागि प्रमुख स्रोत बनेको छ । यसले गर्दा रोजगारीको अवसर सिर्जना हुन नसक्दा फेरि पनि वैदेशिक रोजगारीमा जानेको संख्या बढ्ने गरेको छ।

रेमिट्यान्सले देशमा वैदेशिक मुद्राको सञ्चिति बढाउन छ । यसबाट समग्र वित्तीय क्षेत्रको विस्तार भई आर्थिक विस्तारमा मद्दत पुऱ्याइरहेको छ । विप्रेषणले घरायसी तहमा खाना, लत्ताकपडा, स्वास्थ्य हेरचाह र बालबालिकाको शिक्षाजस्ता अत्यावश्यक वस्तुहरूका लागि रकम उपलब्ध गराएर गरिबी घटाउन सहयोग गरेको देखिन्छ। घरायसी आय र आर्थिक वृद्धिका लागि विप्रेषण महत्वपूर्ण पक्ष बनेको छ भन्ने देखिन्छ । यद्यपि पुँजी निर्माणमा यसको खासै उपयोगता देखिएको छैन । कूल प्राप्त हुने रेमिट्यान्सको ७९ प्रतिशत उपभोगमा नै खर्च हुने गरेको अध्ययनले देखाएको छ। जबकि प्राप्त भएको विप्रेषणको तीन प्रतिशत मात्र बचत हुने गरेको देखिन्छ।

आर्थिक वृद्धिमा सकारात्मक योगदान दिने विप्रेषण अर्थतन्त्रको छोटो अवधिको समस्या समाधान गर्ने अवसर बनेको छ। विदेशी मुद्राको प्रमुख स्रोत, आयातमा योगदान गर्दै राजस्व वृद्धि, गरिबी न्यूनीकरण, भूइँतहका जनताको आधारभूत आवश्यकता परिपूर्ति, प्रतिव्यक्ति आय वृद्धि, शिक्षा, स्वास्थ्य, आवासमा लगानी वृद्धिद्वारा मानव पुँजी निर्माणमा सहयोगसिद्ध बनेको छ। तर पनि यो दीर्घकालीन रूपमा एउटै स्रोतमाथिको उच्चतमस्तरको निर्भरता मुलुकको लागि निकै जोखिमपूर्ण हुन्छ । विदेशी मुद्रा आर्जनको एकल स्रोतमाथिको निर्भरतालाई अर्थशास्त्रीय भाषामा डच डिजिज पनि भनिन्छ। यो तत्कालको लागि उपलब्धीमूलकजस्तो देखिएता पनि दिगो आर्थिक वृद्धि र विकासको दृष्टिले प्रत्युत्पादक बन्ने सम्भावना हुन्छ।

पछिल्लो दुई दशकमा नेपालको अर्थतन्त्र न्यून आर्थिक वृद्धि र उच्च विप्रेषणको चपेटामा परेका छ । आन्तरिक रोजगारीका सीमित अवसर, वैदेशिक रोजगारीसँगै युवा पलायन, विप्रेषण आप्रवाहमाथिको अत्याधिक निर्भरताजस्ता समस्यासँग जुद्दै आएको छ । विप्रेषणमा मात्र धेरै भर पर्दा हामीले आन्तरिक उत्पादन बढाउनेतिर ध्यान दिन सकेको छैन । नेपालीहरूले विदेशबाट कमाएर ल्याएको रेमिट्यान्स फेरि विदेशी सामान आयातमै खर्च हुने गरेको देखिन्छ।

सन् २००६ मा गौडेलले नेपालको सन्दर्भमा गरेको अध्ययनअनुसार विप्रेषण विकासोन्मुख राष्ट्रका लागि विदेशी मुद्राको महत्वपूर्ण स्रोत रहने गरेको औँल्याइएको छ । यो भुक्तानी सन्तुलन र चालु खाता बचतको लागि समेत महत्वपूर्ण हुने अध्ययनको निचोड छ । नेपालबाट रोजगारीका लागि विदेश जाने धेरै युवाले आफ्नो परिवारलाई निकै मिहेनत गरी विप्रेषण आर्जन गरी पठाउने गरेको उनको तर्क छ । यद्यपि, विप्रेषणको नकारात्मक पक्षले युवा पुस्तालाई लामो समयसम्म परिवारबिना बाहिर बस्दा उनीहरूमा जोखिम बढ्ने गरेको र अन्ततः उनीहरूले आफ्नो मातृभूमि छोड्ने प्रवृत्ति बढेको निष्कर्ष रहेको छ । त्यसैगरी नेपाल राष्ट्र बैंकले सन् २०२३ मा प्रकाशित प्रतिवेदनअनुसार विप्रेषणका रूपमा भित्रिएको रकममध्ये दैनिक उपभोगमा मात्र ५८.७८ प्रतिशत खर्च हुने गरेको देखिएको छ भने शिक्षा तथा स्वास्थ्य क्षेत्रमा २२.४८ प्रतिशत, ऋण तिर्न १०.७ प्रतिशत र मनोरञ्जन तथा अन्य क्षेत्रमा ८.६७ प्रतिशत खर्च गर्ने गरेको पाइएको छ। अध्ययनमा समेटिएका परिवारमध्ये ९६.६१ प्रतिशत परिवारको दैनिक उपभोग खर्च वैदेशिक रोजगारीमा जानुपूर्वको तुलनामा बढेको पाइएको छ। त्यस्तै, ९६.१ प्रतिशत परिवारको चाडपर्व, मनोरञ्जन, सामाजिक खर्च समेत बढेको पाइएको छ।

विदेशबाट पठाएको पैसा विभिन्न क्षेत्रमा लगानी भएको स्थिति समीक्षा गर्दा अनुत्पादक क्षेत्रमा नै बढी लगानी भएको देखिन्छ। व्यापार व्यवसायमा लगानी गर्ने ६८.२१ प्रतिशत, घरघडेरीमा लगानी गर्ने ६५.८ प्रतिशत र गरगहना खरिद गर्ने ६३.१९ प्रतिशत रहेको छ। समग्रमा विप्रेषणले अर्थतन्त्रमा खेल्ने भूमिकालाई लिएर केही विवाद छ । यसले कम विकसित देशहरूको विकासमा योगदान गर्दछ भन्ने पक्ष एकतर्फ छ भने अर्कातर्फ जनशक्ति बाहिरिँदा देशको विकासले फड्को मार्न सक्दैन भन्ने पक्ष पनि त्यतिकै छ। नेपालमा विप्रेषणबाट आर्जित आयका कारण दलाल अर्थतन्त्रअर्थात् उत्पादन नै नगरी कमाउने विचौलिया अर्थतन्त्र फस्टाएको भन्ने गरिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त भएका धेरैजसो विप्रेषण उपभोगमा मात्र खर्च गर्ने प्रवृत्तिका कारण देशको विकासमा योगदान गर्न सक्दैन भन्ने तर्क बलियो छ । अर्कातर्फ देशको युवा जनशक्ति बाहिरिँदा उत्पादन क्षेत्रमा सङ्कुचन आई उपभोग्य वस्तुहरू समेत बाहिरबाट नै आयात गर्ने अवस्था देखिन्छ। देशभित्र भित्रिएको विप्रेषणले फेरी पनि आयातलाई बढावा दिँदै आएकाले अर्थतन्त्रमा खासै योगदान गर्न सक्दैन भन्ने तर्क पनि छ। तथापि, विप्रेषण नेपाली अर्थतन्त्रको लागि अनिवार्य छ तर यो अर्थतन्त्रको लागि स्थायी स्रोत भने होइन।

सरकारले श्रम आप्रवासीको रेकर्ड राख्न थालेदेखिको विवरण हेर्दा नेपाली कामदार सबैभन्दा बढी जाने गन्तव्य देशहरूमा मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुवेत मुख्य रहेको देखिन्छ। नेपाल भित्रने मानिसहरूको प्रवेश बढ्यो भने जीडीपी बढ्छ; यसको विपरीत यदि जीडीपीमा आकार सानो छ भने जनसंख्याको आगमन पनि घट्छ। त्यसकारण नेपालमा आउने पर्यटक वा वैदेशिक रोजगारीबाट फर्केका मानिस र कुल गार्हस्थ्य उत्पादनबीच एकतर्फी सकारात्मक सम्बन्ध भएको देखिन्छ। विदेशी नेपाल आउँदा उनीहरूले गर्ने खर्चले कूल गार्हस्थ्य उत्पादनलाई बढाउन सहयोग गर्दै आएको छ । वैदेशिक रोजगारीबाट फर्कने नेपालीले पनि विदेशबाट केही पैसा, सीप र काम गर्ने बानी लिएर आउँछन्। त्यसपछि आर्जित रकम आर्थिक गतिविधिहरूमा लगानी गर्छन् र ती गतिविधिहरूबाट अर्थतन्त्रमा प्रभाव गर्दछ। यो नतिजाले विदेशबाट आउनेको संख्या जति बढी हुन्छ, त्यति नै आर्थिक विकासको सम्भावना पनि बढ्छ भन्ने देखाएको छ । तसर्थ, विद्यमान अवस्थामा नेपाल भित्रने पर्यटक तथा वैदेशिक रोजगारीबाट फर्कने युवा दुवै पक्षले नेपालको अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्छ भन्ने देखियो । यदि देशको आर्थिक वृद्धिदर बढी वा घटी हुँदा वैदेशिक रोजगारीमा जाने मानिसमा प्रभाव पार्दछ भन्ने देखिन्छ। देशको जीडीपी बढ्दा देशमा रोजगारीको अवसर सिर्जना हुन्छ र रोजगारीको लागि बाहिरिने जनशक्तिमा कमी आउछ । यसरी देशको कूल गार्हस्थ्य उत्पादनले बिदेशिने मानिसको संख्या बढाउने वा घटाउने कार्यमा प्रभाव पार्ने गरेको देखाएको छ।

हाल देशबाट दैनिक करिब १५०० को संख्यामा युवाहरू बहिरिरहेको भन्ने गरिन्छ। ती युवाहले पठाएको विप्रेषणले कुल गार्हस्थ्य उत्पादन विस्तारका लागि महत्वपूर्ण छ। विप्रेषणले समग्र आर्थिक विकासमा मात्र नभई गरिबी न्यूनीकरणमा समेत महत्वपूर्ण रहेको छ । आर्थिक वर्ष २०६०/६१ मा कूल विप्रेषण प्राप्त रकम रू ५८.६ अर्ब रहेकामा त्यतिबेला नेपालमा गरिबीको रेखामुनिको जनसंख्या ३०.९ प्रतिशत थियो। अर्कातर्फ सोही समयमा ३१.९ प्रतिशत घरपरिवारले विदेशबाट विप्रेषण प्राप्त गरिरहेका थिए । त्यसैगरी आर्थिक वर्ष २०८०/८१ मा कूल विप्रेषण आप्रवाह रु एक हजार १९१ अर्ब छ भने २० प्रतिशत जनता गरिबीको रेखामुनि छन्। विप्रेषण प्राप्त गर्ने घरपरिवारको तुलनामा प्राप्त नगर्ने परिवारहरू गरिबीमा फस्ने सम्भावना २.३ प्रतिशत बढी रहेको देखियो । विप्रेषण आप्रवाहमा १० प्रतिशत वृद्धि हुँदा नेपालमा १.१ प्रतिशतले गरिबी घट्ने गरेको भन्ने कुरा अध्ययनले देखाएको छ। यसरी हेर्दा नेपालको गरिबी घटाउनमा विप्रेषणको महत्वपूर्ण भूमिका रहेको देखिन्छ।

त्यसैगरी विप्रेषण साक्षरता बढाउनमा पनि उपयोगी भएको देखाएको छ । विप्रेषण प्राप्त गर्ने घरपरिवारमा साक्षरता दर उच्च भएको देखाउँछ। आर्थिक वर्ष २०६०/६१ को तथ्याङ्क हेर्दा विप्रेषण रकम रु ५८.६ अर्ब रहेको देखिन्छ भने साक्षरता दर ५१ प्रतिशत मात्रै रहेको छ भने आर्थिक वर्ष २०८१/८२ मा विप्रेषण बढ्दा साक्षरता दर पनि बढेर ७८ प्रतिशत पुग्यो । यसैगरी विप्रेषणले स्वास्थ्यको पहुँच वृद्धि गरेसँगै पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर घटाउन मद्दत गरेको पाइयो।

वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि नेपाल सरकारले विभिन्न देशहरूसँग श्रम सम्झौता गर्दै पनि आइरहेको छ । जसले गर्दा नेपालहरूको लागि रोजगारीको लागि थप देशहरू खुला हुँदै पनि छ । हाल नेपालीलाई बढी रोजगारी उपलब्ध गराउने पाँच देशहरू मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुबेत रहेका छन् । यी देशहरूमा समेत कोभिड कारण रोजगारीको अवसर खुम्चिएकामा विस्तारै पुनः बढ्न हुन थालेको छ। वैदेशिक रोजगारी बढ्न थालेको सन्दर्भमा हाम्रा युवाहरूमा उच्च सीप व्यावसायिक तालिम प्रदान गरी थप दक्ष र सीपमूलक बनाउन आवश्यक छ । त्यस दिशामा नेपाल सरकारको ध्यान जानुपर्दछ। अध्ययनले नेपालमा आउने र नेपालबाट बाहिरिने दुवै पक्ष अर्थतन्त्रको लागि महत्वपूर्ण रहेको छ। तर लामो समयसम्म वैदेशिक रोजगारी माथिको निर्भरता हाम्रो लागि दीर्घकालीन हितमा छैन।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको विद्यमान आर्थिक अवस्थालाई कमजोर हुन नदिन सञ्जिवनीको काम गर्दै आएको छ। देशमा पर्याप्त मात्रामा रोजगारीको सिर्जना हुन नसकिरहेको अवस्थामा वैदेशिक रोजगारी नेपालको हकमा अपरिहार्य भएको छ। देशभित्र नै रोजगारी सिर्जना गर्नु भनेको मजबुत अर्थतन्त्र र विकासको लागि प्रस्थान विन्दु हो । तर रोजगारीको अवसर देशभित्र पर्याप्त मात्रामा नहुँदा वैदेशिक रोजगारी एकमात्र विकल्प बनेको छ । कोभिड महामारीपछि पुनर्बहालीको अवस्था, विश्वव्यापी श्रम बजारमा आएको आमूल परिवर्तन, आर्टिफिसियल इन्टिलिजेन्स (एआई)ले उत्पन्न गरेको चुनौतीलाई समेत मध्यनजर गरी श्रमशक्ति प्रक्षेपण योजना बनाई रोजगारी सिर्जना गर्नुपर्ने अवस्था एकातिर छ भने अर्कातर्फ विदेशबाट प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ भने वैदेशिक रोजगारीमा जाने श्रमिकको दक्षता अभिवृद्धि गर्दै उच्च आम्दानी हुने स्थान र क्षेत्रमा केन्द्रीत गर्नुपर्दछ । वैदेशिक रोजगारमा जाने व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्छ भने आर्थिक कुटनीति र श्रम कुटनीतिको माध्यमबाट वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्दछ। विप्रेषणलाई सही सदुपयोगका लागि वित्त तथा मौद्रिक नीतिका विभिन्न उपकरणको परिचालनद्वारा विप्रेषण औपचारिक माध्यमबाट भित्र्याउनुको साथै त्यसलाई पुँजी निर्माणमा खर्च गर्नुपर्दछ । यसो गर्न सकिएको खण्डमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले देशको अर्थतन्त्रमा सकारात्मक भूमिका खेल्ने देखिन्छ । (लेखक बागमती प्रदेशको सचिव हुनुहुन्छ)

> आर्थिक वर्ष २०६०/६१ मा कूल विप्रेषण प्राप्त रकम रु ५८.६ अर्ब रहेकामा त्यतिबेला नेपालमा गरिबीको रेखामुनिको जनसंख्या ३०.९ प्रतिशत थियो । अर्कातर्फ सोही समयमा ३१.९ प्रतिशत घरपरिवारले विदेशबाट विप्रेषण प्राप्त गरिरहेका थिए । त्यसैगरी आर्थिक वर्ष २०८०/८१ मा कूल विप्रेषण आप्रवाह रु एक हजार १९१ अर्ब छ भने २० प्रतिशत जनता गरिबीको रेखामुनि छन् । विप्रेषण प्राप्त गर्ने घरपरिवारको तुलनामा प्राप्त नगर्ने परिवारहरू गरिबीमा फस्ने सम्भावना २.३ प्रतिशत बढी रहेको देखियो । विप्रेषण आप्रवाहमा १० प्रतिशत वृद्धि हुँदा नेपालमा १.१ प्रतिशतले गरिबी घट्ने गरेको भन्ने कुरा अध्ययनले देखाएको छ ।

# बैंकिङ संकटको दीर्घकालीन समाधान कि नयाँ बोझ ?



रमेश कुमार बोहोरा

सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटमार्फत बैंकिङ क्षेत्रको गैर बैंकिङ सम्पत्ति व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन कम्पनी (ब्ककभत :बलबनभ्रभलत ऋयकउबलथ) स्थापना गर्ने घोषणा गरेको छ। यो कदम सरकारको प्राथमिकतामा परेको देखिए तापनि यसको कार्यान्वयन पक्ष र विगतका अनुभवहरूले केही दुविधाको वातावरण सिर्जना गरिरहेका छन् ।

अर्थमन्त्री विष्णु पौडेलले बजेट वक्तव्यमार्फत बैंक तथा वित्तीय संस्थाहरूको खराब कर्जा र गैरबैंकिङ सम्पत्ति व्यवस्थापन गर्न उक्त कम्पनी स्थापना गरिने घोषणा गरेका हुन् । यद्यपि यो अवधारणा नयाँ होइन। अघिल्ला सरकारका नीति तथा कार्यक्रमहरूमा पनि यसबारे चर्चा गरिएको थियो । त्यतिमात्र होइन रामेश्वर खनालको नेतृत्वमा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले समेत गैरबैंकिङ सम्पत्तिको संकट गहिरिँदै गएकाले दीर्घकालीन समाधानस्वरूप सम्पत्ति व्यवस्थापन कम्पनी गठन गर्नुपर्ने सिफारिस गरेको थियो।

आयोगको प्रतिवेदनअनुसार २०७६ सालको असारसम्म जम्मा ५ अर्ब २५ करोड रुपैयाँ बराबरको गैरबैंकिङ सम्पत्ति थियो भने २०८१ को असारसम्म आइपुग्दा यो रकम ३५ अर्ब ५१ करोड रुपैयाँ पुगेको छ। अर्थात् पाँच वर्षमा यसमा सातगुणा बढी वृद्धि भएको छ। यो दरले आगामी वर्षहरूमा अझै बढ्ने सम्भावना रहेकोले यस संकटलाई गम्भीर रूपमा लिनुपर्ने देखिन्छ। बैंक तथा वित्तीय संस्थाहरू कर्जा असुलीमा प्रभावकारी हुन नसक्नु आर्थिक मन्दी, ऋणग्राहीहरूको क्षमता घट्नु र प्रणालीगत कमजोरीहरू यसका प्रमुख कारण मानिन्छन् ।

विगतमा नेपाल राष्ट्र बैंकले समेत सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने प्रयास गरेको थियो। कार्यकारी निर्देशक राजनसिंह भण्डारीको संयोजकत्वमा गठन गरिएको कार्यदलमा भीष्म ढुंगाना, पर्शुराम कुँवर र मनोज गोयल जस्ता अनुभवी बैंकर हरूको सहभागिता थियो। कार्यदलले कम्पनीलाई कानुनी अधिकार र विशेषाधिकारसहित स्थापना गर्नुपर्ने सिफारिस गरे पनि त्यसको कार्यान्वयनमा गति देखिएन।

हालको बजेटमा स्पष्ट रूपमा यो विषय समावेश गरिएकाले बैंकिङ क्षेत्र केही हदसम्म उत्साहित देखिन्छ। नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले लामो समयदेखि बैंकरहरूले उठाउँदै आएको माग सम्बोधन भएको भन्दै यसलाई सकारात्मक कदमका रूपमा स्वागत गरेका छन्। तर उनका अनुसार केवल घोषणा गरेर मात्र नपुग्ने भएकाले कार्यान्वयनमा सरकार गम्भीर हुन आवश्यक छ। उनका शब्दमा "घोषणा राम्रो हो, अब कार्यान्वयनको पक्ष अझ महत्त्वपूर्ण हुन्छ।"

पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री भने त्यति उत्साहित देखिँदैनन्। उनका अनुसार, "सम्पत्ति शुद्धीकरण, राजस्व अनुसन्धान वा अन्य नियामक निकायहरू पनि स्थापना भए तर तिनीहरू कति प्रभावकारी भए भन्ने हेर्नुपर्ने समय आएको छ। यस्ता कम्पनी खोल्ने नाममा कुनै पात्रलाई नियुक्त गर्ने र काम नगर्ने परम्परा दोहोरिन सक्छ।" उनको चिन्ता हो कि नेपालमा यस्ता घोषणाहरू बजेटमा त आउँछन् तर त्यसको कार्यान्वयन नगरी अलपत्र पारिन्छ। यदि सिर्जनात्मक उद्देश्यसहित कम्पनी स्थापना नगरिएमा उक्त संस्थाले समाधान दिनुको सट्टा थप बोझ सिर्जना गर्न सक्ने चेतावनी उ न ी दिन्छन्।



राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा सम्पत्ति व्यवस्थापन कम्पनीको उल्लेख गरेपछि अहिले मस्यौदा तयारीको चरणमा पुगेको छ। यद्यपि, कानुनी संरचना, कार्यविधि, जनशक्ति, लगानी मोडेल र अधिकार निर्धारणका पक्षमा अझ धेरै गृहकार्य गर्न बाँकी नै छ।

वैश्विक सन्दर्भमा हेर्ने हो भने जापानले सन् १९९० को दशकको बैंकिङ संकटपछि च्भकयगितष्यल बलम ऋर्यभिअतष्यल ऋयचउयचबतष्यल (च्ऋऋ) स्थापना गरी खराब कर्जा व्यवस्थापन गरेको थियो। दक्षिण कोरियाले सन् १९९७ को एसियाली वित्तीय संकटपछि प्यचभब ब्ककभत :बलबनभ्रभलत ऋयचउयचबतष्यल (प्ञ्ःऋइ) स्थापना गरेर त्यस्तै कार्य सम्पन्न गरेको थियो। अमेरिकाले पनि सन् १९८९ देखि १९९५ सम्म च्भकयगितष्यल त्चगकत ऋयचउयचबतष्यल (च्त्ऋ) को प्रयोग गरेर संकटग्रस्त बैंकहरूलाई राहत दिने प्रयास गरेको थियो। यी अन्तर्राष्ट्रिय उदाहरणहरूले देखाउँछन् कि जब प्रणालीगत वित्तीय संकट आउँछ तब यस्ता संस्थागत संयन्त्रहरू अपरिहार्य बन्छन्।

नेपालको सन्दर्भ भने ती देशहरूभन्दा भिन्न छ। नेपालको आर्थिक संरचना, बैंकिङ अभ्यास, कानुनी ढाँचा र संस्थागत क्षमताहरू तुलनात्मक रूपमा कमजोर छन्। यस्तो अवस्थामा सम्पत्ति व्यवस्थापन कम्पनीलाई कस्तो कानुनी अधिकार, उद्देश्य र संरचना दिइन्छ भन्ने कुरा अत्यन्त संवेदनशील हुन्छला यदि कम्पनीलाई केवल खराब कर्जा किन्ने संस्था बनाइयो र पुनःवितरण वा वसूली प्रक्रियामा राजनीतिक हस्तक्षेप भयो भने यसले ठूला कारोबारिहरूलाई उन्मुक्ति दिन खोजिएको सन्देह पैदा गर्न सक्छ।

अर्को महत्त्वपूर्ण पक्ष भनेको कम्पनी प्रभावकारी ढंगले सञ्चालन गर्न राष्ट्रको कानुनी संरचनामा समेत सुधार आवश्यक हुन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र ऋण असुली ऐन, २०५८ मा आवश्यक संशोधन गरी सम्पत्ति व्यवस्थापन कम्पनीलाई स्पष्ट र बलियो कानुनी आधार दिनु आवश्यक छ। अन्यथ कम्पनी केवल एक कागजी संस्था बन्ने सम्भावना रहन्छ।

अब प्रश्न उठ्छ के सरकारले यो घोषणा व्यवहारमा उतार्न सक्दछ ? के कानुनी संरचना, वित्तीय मोडेल, दक्ष जनशक्ति, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरेर कम्पनीलाई प्रभावकारी बनाइनेछ वा फेरि पनि यो घोषणा केवल घोषणामै सीमित हुनेछ र पुरानै समस्याहरू पुनः दोहोरिने छन् ?

सम्पत्ति व्यवस्थापन कम्पनीको सफलता यसको संस्थागत स्वरूप र राजनीतिक इच्छाशक्तिमा निर्भर रहनेछ। गैरबैंकिङ सम्पत्तिको वृद्धिले मुलुकको वित्तीय स्थायित्वमा गम्भीर असर पार्न सक्ने सम्भावना रहेकोले अब यस विषयलाई टालटुल ढंगमा होइन दीर्घकालीन रणनीति र प्रतिबद्धता सहित समाधान गर्नुपर्ने आवश्यकता देखिन्छ। बैंकहरूबाट असुल गर्न नसकिएका ऋणहरूको समयमै व्यवस्थापन गर्न नसके सम्पूर्ण वित्तीय प्रणाली नै जोखिममा पर्न सक्छ जसको प्रत्यक्ष असर अर्थतन्त्र, रोजगारी, लगानी तथा समग्र विकास प्रक्रियामा पर्न सक्नेछ।

यसैले अब आवश्यक छ कि सरकार केवल घोषणा गरेर मात्र नबसोस् तर कानुनी, संस्थागत र कार्यान्वयन पक्षमा समेत स्पष्ट, निर्णायक र पारदर्शी रूपमा अघि बढोस्। नत्र यो पनि विगतका अरू यस्तै घोषणाहरूझैँ अधुरो र निराशाजनक बन्नेछ। (लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )

# मन्त्रिपरिषद्का निर्णय सार्वजनिक

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बुधबार पत्रकार सम्मेलनमार्फत मन्त्रिपरिषद्को बैठकले यही जेठ २६ गते गरेको निर्णय सार्वजनिक गर्नुभएको छ।

सरकारले कैलालीको लम्कीचुहा अस्पताललाई १५ श्ययाबाट ५० शय्यामा स्तरोन्नति गरी प्रदेश सरकारले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले बताउनुभयो।

सरकारले २०८२ जेठ ३१ गतेदेखि असार ६ गतेसम्म इजरायलमा आयोजना हुने 'मुनि वर्ल्ड एक्स्पो-२०२५' मा राष्ट्रिय योजना आयोगका सदस्य डा जयबहादुर टण्डनलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो।

आगामी असार १० देखि १२ सम्म चीनको बेइजिङमा आयोजना हुने एसियाली पूर्वाधार लगानी बैंकको बोर्ड अफ गभर्नर्सको वार्षिक बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । आगामी असार २ गतेदेखि ६ गतेसम्म ल्हासामा आयोजना हुने नेपाल-चीनको सिजाङ (तिब्बत) व्यापार सहजीकरण समितिको १३ औं बैठकको छलफलको एजेण्डा स्वीकृत गर्ने र उल्लिखित बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो।

त्यसैगरी निर्माण व्यवसायसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाका लागि सिद्धान्त स्वीकृत गर्ने, नेपाली सेनाका एकजना महासेनानीको




सरूवा गर्ने, एकजना सहायक रथीको राजीनामा स्वीकृत गर्ने, चारजना प्रमुख सेनानीहरूको महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने र एकजना रथीको वैदेशिक भ्रमण स्वीकृत गर्ने निर्णय भएको पनि उहाँले बताउनुभयो।

मन्त्रिपरिषद्कै निर्णयमा प्राचीन स्मारक संरक्षणसम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने, शान्तिनगर गाउँपालिका दाङको केन्द्र वडा नं ४ चिराघाटबाट परिवर्तन गरी वडा नं ४ जुम्लेकुला कायम गर्ने, महालक्ष्मी नगरपालिका ललितपुरको केन्द्र वडा नं ४ कमलपोखरीबाट परिवर्तन गरी वडा नं ८ लुभु देवीस्थान कायम गर्ने उल्लेख छ।

नेपाल स्वास्थ्य सेवाको अधिकृत बाह्रौं तह, अतिरिक्त स्वास्थ्य सचिव पदमा डा केशरबहादुर ढकाल र डा श्रीकृष्ण श्रेष्ठलाई बढुवा गर्ने र नेपाल गुणस्तर (प्रमाण चिह्न) (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने सरकारको निर्णय रहेको मन्त्री गुरुङले बताउनुभयो।

**यथाशीघ्र संसद्को नियमित बैठक बस्नेछ**

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले संसद् सञ्चालनका विषयमा सत्तापक्ष र प्रतिपक्षबीच बृहत् छलफल भइरहेकाले यथाशीघ्र संसद्को नियमित बैठक बस्ने बताउनुभएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बुधबार मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले सत्तापक्ष र प्रतिपक्षबीच संसद् सञ्चालनका विषयमा छलफल भइरहेकाले सम्भवत आजभोलिमै सहमति भएर बैठक बस्ने बताउनुभयो।

प्रतिपक्षी दलले गृहमन्त्रीको राजीनामा माग गर्नु अर्थहीन रहेको बताउँदै उहाँले भन्नुभयो, "अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कर्मचारीमाथि कारबाही सुरु गरेको छ । भ्रष्टाचारसम्बन्धी विषयमा आयोगले कारबाही सुरु गरिसकेकाले मन्त्रीको राजीनामा मागेर संसद् अवरुद्ध गर्नु उचित हुँदैन। एउटा कर्मचारीले गरेको गल्तीमा मन्त्रीले राजीनामा दिँदै जाने हो भनेदेखि सरकार सञ्चालनमा समस्या उत्पन्न हुन्छ।"

मन्त्री गुरुङले संसद् सञ्चालनका विषयमा सत्तापक्ष र प्रतिपक्षबीच छलफल भइरहेकाले सम्भवत आजभोलिदेखि नियमित बैठक बस्ने बताउनुभयो । गृहमन्त्रीले राजीनामा दिने विषयमा संसदीय छानबिन समिति केका लागि र कसरी बनाउने भन्ने विषय महत्त्वपूर्ण रहेको उहाँले बताउनुभयो । "हाम्रो माग गृहमन्त्रीले आफूमाथि उठिरहेका सबै प्रश्नका बारेमा आफ्नो धारणासहित उत्तर दिन पाउनुपर्छ भन्ने हो । प्रतिपक्षले संसद् बैठक बस्न दिएर सहयोग गर्नुपर्छ", उहाँले भन्नुभयो ।रासस

# अन्तरमन्त्रालय सहजीकरणलाई प्राथमिकतामा दिन अर्थमन्त्रीको निर्देशन




काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अन्तरमन्त्रालय सहजीकरण र समन्वयलाई प्राथमिकता दिन कर्मचारीलाई निर्देशन दिनुभएको छ।

अर्थ मन्त्रालयमा बुधबार आयोजित उच्चस्तरीय व्यवस्थापन समूहको बैठकमा अर्थमन्त्री पौडेलले कानुनको सीमाभित्र रहेर अन्तरमन्त्रालयका कार्यलाई प्राथमिकता दिन कर्मचारीलाई निर्देशन दिनुभएको उहाँको सचिवालयले जनाएको छ।

प्राथमिकताका आधारमा कामको सहजीकरण गरेर शीघ्र सम्पन्न गर्ने वातावरण तयार पार्न अर्थमन्त्री पौडेलको निर्देशन थियो। परिणाममुखी अभ्यासमा जान जरुरी रहेको उल्लेख गर्दै उहाँले निर्धारित लक्ष्य पूरा गर्न अतिरिक्त मेहनतका साथ कार्यसम्पादनगर्नपनिकर्मचारीलाई निर्देशन दिनुभयो ।अर्थमन्त्री पौडेलले व्यवहारिक पक्षलाई हेरेर परिणामुखी हिसाबले आगामी आर्थिक वर्षको मासिक र वार्षिक लक्ष्यहरू निर्धारण गर्नुपर्नेमा जोड दिनुभयो। आगामी बजेट कार्यान्वयनमा जाँदा कानुनहरू संशोधन गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै उहाँले सबै मन्त्रालय र निकायसँगको परामर्शमा संशोधनको गृहकार्य गरिने बताउनुभयो।

बैठकमा अर्थसचिव घनश्याम उपाध्याय र राजस्वसचिव दिनेश घिमिरेले अतिरिक्त मेहनत गरेर राजस्व सङ्कलन र पुँजीगत खर्च वृद्धिमा सहजीकरण गर्न महाशाखा प्रमुख तथा विभागीय प्रमुखहरूलाई आग्रह गर्नुभएको थियो।रासस

# तामाङ भाषाको समाचार सेवा सुरु गर्ने मन्त्री गुरुङको प्रतिबद्धता

काठमाण्डु। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले राष्ट्रिय समाचार समिति (रासस)बाट तामाङ भाषाको समाचार सेवा सुरु गर्ने प्रतिबद्धता जनाउनु भएको छ।

तामाङ पत्रकार सङ्घले राससमा तामाङ भाषाको समाचार सेवा सुरु गर्न मागसहित बुधबार ज्ञापनपत्र बुझाएको थियो। ज्ञापनपत्र बुझ्दै मन्त्री गुरुङले राससमा तामाङ भाषामा समाचार सेवा सुरु गर्ने प्रतिबद्धता जनाउनु भएको हो। "ढिलो चाँडो तामाङ भाषामा समाचार सेवा राससमा सुरु गर्छौं", मन्त्री गुरुङले भन्नुभयो।राससमा हालसम्म नेपाली, अङ्ग्रेजी, नेपाल र मैथिली भाषामा समाचार सेवा प्रदान हुँदै आएको छ। सङ्घका अध्यक्ष नेत्र तामाङसहितको टोलीले मन्त्री गुरुङलाई भेट गरी ज्ञापनपत्र बुझाएको थियो।

बागमती प्रदेश सरकारले तामाङ भाषालाई बागमती प्रदेशको कामकाजी भाषा घोषणा गरेको एक वर्ष पूरा भइसकेको छ। नेपालको जनगणना २०७८ अनुसार नेपालमा तामाङ भाषा बोल्नेहरुको स¤्या १४ लाख २३ हजार बढी छन्। शिक्षा, सञ्चार क्षेत्रमा यसको प्रयोग कम हुँदै गएकाले तामाङ भाषा बोल्नेको संख्या घट्दो छ।रासस

# माओवादी केन्द्रका अध्यक्ष दाहाल मुस्ताङमा

मुस्ताङ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' बुधबार म्याग्दीको बेनी हुँदै मुस्ताङ आउनुभएको छ । माओवादी केन्द्रको 'जनतासँग माओवादी जनजागरण' अभियानका क्रममा अध्यक्ष दाहाल, महासचिव देव गुरुङलगायत नेता कार्यकर्ता सडकमार्ग हुँदै मुस्ताङ आउनुभएको हो।



उहाँहरूलाई मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसाल, माओवादी जिल्ला समन्वय समिति इन्चार्ज धीरेन्द्र विक, जिल्लास्थित सुरक्षा निकाय प्रमुखलगायत स्थानीय प्रतिनिधिले म्याग्दी र मुस्ताङको सिमानाका घाँसामा स्वागत गर्नुभएको थियो।

अध्यक्ष दाहालले आजै राष्ट्रिय गौरवको आयोजना बेनी-जोमसोम ७४ किमी सडकको स्थलगत अवलोकन गर्नुभएको छ। साथै माओवादी अध्यक्षसहित नेताहरूले लामो समयदेखि निर्माण अलपत्र परेको मुस्ताङको थासाङ गाउँपालिका-३ र ५ जोड्ने लेते-कुञ्जो मोटरेबल पुलको स्थलगत निरीक्षण गर्नुभएको माओवादी केन्द्रका जिल्ला समिति इन्चार्ज विकले जानकारी दिनुभयो।

अध्यक्ष दाहाललाई थासाङस्थित कुञ्जो ताक्लुङ क्षेत्रका बासिन्दाले पुल नबेकोप्रति गुनासो राख्दै निर्माणको पहल गर्न आग्रह गरेका उहाँले बताउनुभयो। सोही क्रममा अध्यक्ष दाहालले पुल निर्माणलाई प्राथमिकतामा राखेर आफू र पार्टीले अधिकतम पहल गर्ने बताउनुभयो। अध्यक्ष दाहाल, महासचिव गुरुङलगायत नेताहरूले गण्डकी प्रदेशको पहिलो धौलागिरि प्राविधिक शिक्षालयको अवलोकन एवं निरीक्षण गर्नुभएको शिक्षालयका प्रधानाध्यापक खड्गबहादुर सुब्बाले जानकारी दिनुभयो । उहाँहरूलाई शिक्षालयको विस्तृत जानकारी दिँदै प्रअ सुब्बाले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो।

अध्यक्ष दाहाल शिक्षालय प्रवेश गर्दा त्यहाँबाट देखिने धौलागिरि हिमाल र निलगिरि हिमालको दृष्यावलोकन गर्न पाउँदा हर्षित भएको प्रतिक्रिया दिनुभएको प्रअ सुब्बाले उल्लेख गर्नुभयो । बुधबारै अध्यक्ष दाहाललाई थासाङ गाउँपालिकाको कोवाङ, टुकुचे र घरपझोङ गाउँपालिकाको मार्फा, स्याङलगायत गाउँमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था र स्थानीय नागरिकले स्वागत गरेका छन् । उहाँले मुस्ताङको माफौस्थित शीतोष्ण बागवानी विकास केन्द्र मार्फाको बागवानी फार्मको अवलोकन गर्नुभयो।

अध्यक्ष दाहाललाई माओवादी केन्द्रका मुस्ताङका जिल्ला इन्चार्ज कपिल लामासहित जिल्ला नेता तथा कार्यकर्ताले स्वागत गर्नुभएको थियो । उहाँले आजै जिल्ला समन्वय समिति र पालिका समन्वय समितिलाई शपथग्रहण तथा पार्टी प्रशिक्षण गर्नुहुने इन्चार्ज कपिल लामाले बताउनुभयो । उहाँका अनुसार अध्यक्ष दाहालले जिल्लास्थित पार्टी कार्यालयका प्रतिनिधिसँग छलफल गर्नुका साथै नागरिक संवाद गर्नुहुने कार्यक्रम छ ।अध्यक्ष दाहालले बिहीबार नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) मुस्ताङको पार्टी कार्यालयको भवन शिलन्यास गर्ने कार्यक्रम रहेको माओवादी केन्द्रका गण्डकी प्रदेश सदस्य ड्ुटुक गुरुङले जानकारी दिनुभयो।रासस

# 'नागरिकलाई स्वच्छ र पर्याप्त खानेपानी पुर्‍याउने लक्ष्य छ'

मोरङ । खानेपानीमन्त्री प्रदीप यादवले स्वच्छ, सुरक्षित र पर्याप्त खानेपानी जनताका घरघरमा उपलब्ध गराउने सरकारको लक्ष्य रहेको बताउनुभएको छ।

नेपाल खानेपानी संस्थान विराटनगर शाखाद्वारा बुधबार विराटनगर-१४ स्थित जतुवा खानेपानी तथा सरसफाइ आयोजनाको स्वामित्व खानेपानी संस्थान विराटनगरलाई हस्तान्तरण कार्यक्रममा उहाँले सरकारले नागरिकलाई स्वच्छ खानेपानी पुर्‍याउने यस कार्यलाई सरकारले गरिरहेको जानकारी दिनुभयो।

कोशी प्रदेशका खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री एकराज कार्कीले सङ्घीय सरकारले तराई क्षेत्रमा रहेका अधुरा आयोजना सञ्चालनमा ल्याउन सहयोगको आग्रह गर्नुभयो । खानेपानीको अभावमा पहाडका जनताले बसाइँसराइ गर्ने गरेका भन्दै सोको अन्त्यका लागि सरकारको विशेष पहल गर्नुपर्नेमा जोड दिनुभयो।

कोशी प्रदेशसभाका सांसदद्वय अमृत अर्याल, गीता रानी महतो, प्रदेशका पूर्वमन्त्री जयराम यादव,




राष्ट्रिय प्राथमिकतामा राखेको स्पष्ट पार्नुभयो। स्वच्छ खानेपानी जनतालाई उपलब्ध गराउन 'एक घर, एक धारा' योजना प्रभावकारी कार्यान्वयन गरिने उहाँले बताउनुभयो।

मन्त्री यादवले सङ्घीय सरकारले आगामी आर्थिक वर्षमा कोशी प्रदेशमा पर्ने तराईका जिल्लामा स्वच्छ खानेपानी उपलब्ध गराउन सञ्चालनमा नरहेका ४० वटा 'ओभरहेड ट्याङ्की' सञ्चालनमा ल्याउन आगामी असार १६ गते ठेक्काका लागि विज्ञापन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले आगामी पुस मसान्तसम्म ३७ प्रतिशत जनतालाई स्वच्छ खानेपानी पुर्‍याउने र सतप्रतिशत आधारभूत पानी पुर्‍याउने लक्ष्यका साथ कार्य जतुवा खानेपानीका उपभोक्ता समितिका पूर्वअध्यक्ष वीरेन्द्र यादव, लक्ष्मीनारायण मन्दिरका हरिप्रसाद यादव र वडा नं १४ का वडाध्यक्ष सूर्यनारायण महतोले समावेशी रूपमा हिमाल, तराई पहाडमा विकास हुनु जरुरी रहेको धारणा राख्नुभयो। नेपाल खानेपानी संस्थान सञ्चालक समितिका अध्यक्ष डा ढुण्डिराज भट्टराई, महाप्रबन्धक इन्जिनियर अर्जुनबाबु ढकालले नागरिकलाई न्यून शुल्कमा स्वच्छ खानेपानी उपलब्ध गराउन संस्थान प्रतिबद्धता रहेको बताउनुभयो।

विराटनगर-१४ स्थित उक्त खानेपानीले दैनिक १७ लाख लिटर पानी छ हजार नागरिकलाई उपलब्ध गराउने छ।रासस

# 'हिमाल नेपालको गौरव र प्राकृतिक सम्पत्ति हुन्'

काठमाण्डु । नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले विश्वको सर्वोच्च शिखर सगरमाथासहितका हिमाल नेपालीका लागि गौरव र महत्त्वपूर्ण प्राकृतिक सम्पत्ति भएको बताउनुभएको छ।

अठारौँ गणतन्त्र दिवसका अवसरमा राष्ट्रिय समाचार समिति (रासस)ले आयोजना गरेको ' पर्वतीय पर्यटनः हाम्रो शान, हाम्रो पहिचान' विषयक तस्बिर प्रदर्शनी अवलोकनपछि उहाँले नेपालका अमूल्य निधिकारुपमा रहेका हिमालगायतका प्राकृतिक र सांस्कृतिक धरोहरको महत्वबारे युवा पुस्तालाई बुझाउन आवश्यक रहेको धारणा राख्नुभयो ।वरिष्ठ उपाध्यक्ष पोखरेलले भन्नुभयो, "राससले नयाँ ढङ्गले हिमाल र पहाडका महत्त्वपूर्ण पर्यटकीय गन्तव्यस्थल चिनारी गराउन तस्बिर प्रदर्शनी गरेको छ, यो रचनात्मक र राष्ट्रहितका कार्य हुन भन्ने ठान्छु।"

सोही पार्टीका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले हिमालसहित बहुविधामा आधारित




तस्बिर प्रदर्शनी आफैँमा सकारात्मक र रचनात्मक भएको प्रतिक्रिया दिनुभयो । हिमाल केन्द्रित प्रदर्शनी सूचना प्राप्ति र ज्ञान वृद्धिका हिसाबले महत्त्वपूर्ण रहेकाले युवा पुस्तालाई आफू, आफना पुस्ता, संस्कृति, गाउँ र देश चिनाउन आवश्यक रहेको उहाँले बताउनुभयो।प्रचार विभाग प्रमुख गौतमले भन्नुभयो, "हामी कुन ठाउँबाट सङ्घर्ष गर्दै यो ठाउँमा आइपुगेका हौँ, हाम्रा सम्पदा, संस्कृति र भूगोल के हुन् ? भन्ने युवा पुस्तामा बुझ्ने तदारुकता कमजोर देखेको छु, उनीहरुका लागि यो प्रदर्शनी ज्ञान आर्जन गर्ने थलो हुन सक्छ।"

आफ्नो राष्ट्रलाई बलियो र समृद्ध बनाएमा विदेशमा रहँदा बेग्लै सम्मान पाइने हेक्का राख्न युवा वर्गलाई उहाँले सुझाव दिनुभयो । त्यसैगरी प्रेस चौतारी नेपालका उपाध्यक्ष चेतन अधिकारीले तस्बिर प्रदर्शनीयले पर्वतीय पर्यटनबारे जान्न र प्रचारप्रसारमा टेवा पुर्‍याउने उल्लेख गर्नुभयो । उहाँले यस्ता प्रदर्शनीमा राखिएका तस्बिरबाट जलवायु सङ्कट अघिपछि पर्वतीय शृंखलाहरुको अवस्थाको अभिलेखीकरण हुने बताउनुभयो।

"यो प्रदर्शनीको अवलोकनपछि हिमाल हेर्न जाउँजाउँ लाग्ने रहेछ । यी ठाँउहरुमा पर्यटक आकर्षित गर्न सहयोग पुग्नेछ। पर्वतीय भूभागमा जान नसक्नेका लागि सजीव दृश्य पनि यस प्रदर्शनीले प्रस्तुत गरेको छ", उहाँले भन्नुभयो। रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०२/२९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

**क्र.सं. | शाखा कार्यालय : गोलवजार, सिरहा**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : सिद्धान्त पोल्टी फार्म**
प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जनकपुर, धनुषा
दर्ता नं. १३२३७/९०३/०७७/०७८, दर्ता मिति : २०७७/०९/२१, पान नं. ६१४७२९१००, दर्ता मिति : २०७७/०९/२२
ठेगाना : धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ९, **संचालक : खेमराज गदैली**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : खेमराज गदैली**<br>ना.प्र.नं. १७१०५०/५६८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६७/०९/१२<br>बाबुको नाम : भगत बहादुर बिश्वकर्मा गदैली<br>बाजेको नाम : विर वल गदैली<br>ठेगाना : धनुषा जिल्ला, यज्ञभुमी गा.वि.स. वडा नं. ९<br>हाल : धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ९ | **२. नाम : सुकमाया कामी**<br>ना.प्र.नं. ९९५०४९६५/१३२२, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०२/३१<br>पतिको नाम : भगत बहादुर गदैली<br>ससुराको नाम : विर वल गदैली<br>ठेगाना : धनुषा जिल्ला, यज्ञभुमी गा.वि.स. वडा नं. ९<br>हाल : धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ९ |

**३. नाम : शितल वि.सी.**
ना.प्र.नं. १८-०५-७३-००२१८, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७३/०९/१३
पतिको नाम : खेमराज गदैली, ससुराको नाम : भगत बहादुर बिश्वकर्मा गदैली
ठेगाना : महोत्तरी जिल्ला, खयरमारा गा.वि.स. वडा नं. ४, हाल : धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ९

**धितोको विवरण**

सुकमाया कामीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, यज्ञभुमी वडा नं. ९ ख स्थित कित्ता नं. १३८८, १३७८, १३८९ र १७५ को क्षेत्रफल क्रमशः ०-३-०-०, ०-३-१०-०, ०-२-१-० र ०-१-०-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**क्र.सं. | शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : जय माता दि ट्रेडर्स**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग
दर्ता नं. १०९१/१२८/०६७/०६८, दर्ता मिति : २०६७/१०/१२, पान नं. ३०४५३६९६८, दर्ता मिति : २०६७/१०/१३
ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ६, **प्रोप्राइटर : श्याम सुन्दर चौधरी**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : श्याम सुन्दर चौधरी**<br>ना.प्र.नं. २०८६३६५०, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४५/११/०९<br>बाबुको नाम : राज नारायण चौधरी<br>बाजेको नाम : राम चरित्र चोधरी<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ६<br>हाल : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५ | **२. नाम : उषा कुमारी चौधरी**<br>ना.प्र.नं. १८३०४३/११७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७०/०१/२७<br>पतिको नाम : श्याम सुन्दर चौधरी<br>ससुराको नाम : राज नारायण चौधरी<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ६<br>हाल : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५ |

**३. नाम : विक्रान्त जयसवाल**
ना.प्र.नं. १८२०४३/१५८२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७७/०६/२५
बाबुको नाम : श्याम सुन्दर चौधरी, बाजेको नाम : राज नारायण चौधरी
ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५

**धितोको विवरण**

धनि ज्योति विकास बैंक भई ऋणि जय मातादी ट्रेडर्सको नाममा यातायात ब्यवस्था कार्यालय, वागमतिमा दर्ता कायम रहेको बा.प्र.०१-०२५ च ६०५८, च्यासिस नं. B4DA417E071072, ईन्जिन नं. MEERBC009M4095420 को RENAULT-TRIBER-RXZ को सवारी थान १।

**क्र.सं. | शाखा कार्यालय : झुम्का, सुनसरी**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|---|
| १. | **नाम : हरेराम खतिवडा**<br>ना.प्र.नं. ४६१३२/१२९९७, जि.प्र.का. उदयपुर<br>जारी मिति : २०५७/०३/३०<br>बाबुको नाम : धिर प्रसाद खतिवडा<br>बाजेको नाम : जय प्रसाद खतिवडा<br>ठेगाना : उदयपुर जिल्ला, बेल्टार वडा नं. ३<br>हाल : सुनसरी जिल्ला, बराहाक्षेत्र न.पा. वडा नं. ६, चक्रघट्टी | **नाम : मैनाकुमारी पराजुली**<br>ना.प्र.नं. ७५१२८, जि.प्र.का उदयपुर<br>जारी मिति : २०६२/०७/०२<br>पतिको नाम : हरेराम खतिवडा<br>ससुराको नाम : धिर प्रसाद खतिवडा<br>ठेगाना : उदयपुर जिल्ला, तपेश्वरी वडा नं. १<br>हाल : सुनसरी जिल्ला, बराहाक्षेत्र न.पा. वडा नं. ६, चक्रघट्टी |


**धितोको विवरण**

हरेराम खतिवडाको नाममा मालपोत कार्यालय ईनरुवा, सुनसरीमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, भरौल वडा नं. ३ च स्थित कित्ता नं. २९४ क्षेत्रफल ०-३-७-० (वि.क.धु.क.) को जग्गा र सोले चर्केको सम्पूर्ण लिगलगापात समेत।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : गोलवजार, सिरहा, फोन नं. ०३३-५४०५२५
रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३, झुम्का, सुनसरी, फोन नं. ०२५-५६२१२६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# केन्यामा आर्थिक सङ्कट कायमै, सरकारप्रति निराशा बढ्दो



एएफपी

नैरोबी । नैरोबीको एक व्यस्त सडक छेउमा तरकारी बेचिरहनु भएकी पाँच सन्तानकी आमा क्रिस्टिन नस्वाले देशको आर्थिक अवस्थाबारे गहिरो चिन्ता व्यक्त गर्नुभएको छ।

"अहिले देशको अवस्था निकै कमजोर छ । बजारमा किनमेल गर्ने मान्छे छैनन्," चालिस वर्षीया नस्वाले भन्नुभयो । उहाँले बेचिरहनु भएको अदुवाको गन्ध मोटरको धुवाँसँग मिसिएर पनि टाढासम्म फैलिएको थियो ।

"सन्तानलाई पेटभरी खाना खुवाउन गाह्रो पर्छ। सामान बेचेर हुने नाफा थोरै छ। कहिलेकाहीँ त केही आम्दानी नै हुँदैन," उहाँले पीडा पोख्नुभयो ।

पूर्वी अफ्रिकाको यो राष्ट्र क्षेत्रका अन्य देशहरूभन्दा आर्थिक हिसाबले अघि देखिए पनि, देशभित्र धैरै गम्भीर चुनौतीहरू छन् ।

हाल करिब ४० प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि जीवन यापन गरिरहेको छ ।

> "साधारण जनताको जीवन सुधार्ने वाचा गरेर सत्तामा पुगेका रुटोले कर बढाउने निर्णय गर्दा जनताले आफूलाई धोका खाएको महसुस गरेका छन्,"

दैनिक उपभोग्य वस्तुहरूको मूल्य वृद्धिले जनजीवन कष्टकर बनेको छ । रोजगारको अभाव र पटक-पटक देखिने भ्रष्टाचारका घटनाले जनताको विश्वास घट्दै गएको छ।

गत वर्ष असार महिनामा राष्ट्रपतिद्वारा प्रस्ताव गरिएको नयाँ कर विधेयकविरुद्ध जनआन्दोलन चर्किएको थियो। केही करहरू हटाइए पनि जनसाधारणको आर्थिक अवस्था अझै नाजुक नै देखिएको छ।

केन्याको अर्थतन्त्र कृषि, सेवामूलक र पर्यटन क्षेत्रमा आधारित छ। तर, देशलाई मध्यम आय भएको राष्ट्र बनाउने लक्ष्य प्राप्त गर्न लगानी आवश्यक छ ।

तर, अहिलेको अवस्थामा सरकार विदेशी ऋणमा निकै निर्भर रहेको छ र ती ऋणको ब्याज तिर्नकै लागि स्वास्थ्य र शिक्षा जस्ता महत्वपूर्ण क्षेत्रमा खर्च गर्न नसकिने अवस्था देखिएको छ ।

अर्कोतर्फ, करको बोझ मुख्यतया औपचारिक क्षेत्रमै परेको छ, जुन रोजगार दिने कुल क्षेत्रमा एकपाँचौं भन्दा कम मात्र हो ।

नैरोबीको एक व्यापारिक क्षेत्रमा पसल चलाइरहनुभएका एक व्यापारीले भन्नुभयो, "हाम्रो ३६ वर्षको व्यवसायिक यात्रामा यो वर्ष सबैभन्दा कठिन भयो।" आन्दोलनको समयमा पसल लुटिएपछि उहाँले आफ्नो नाम गोप्य राख्नुभयो ।

"नयाँ सरकार बनेको केही महिनामै करहरू बढाइयो । तर त्यसको प्रतिफल कतै देखिएको छैन," उहाँले भन्नुभयो ।

**अविश्वास र निराशा**

राजनीतिक विश्लेषकहरूका अनुसार, राष्ट्रपति विलियम रुटोले सत्तामा आउँदाका बेला जनतासँग गरेका धैरै आश्वासन पूरा नहुँदा ठूलो निराशा फैलिएको छ ।

"अहिलेको अवस्थामा सरकारप्रति गहिरो अविश्वास देखिएको छ," अन्तर्राष्ट्रिय विश्लेषण संस्था 'नियन्त्रण जोखिम'की विश्लेषक पाट्रिसिया रोड्रिग्वेजले बताउनुभयो ।

"साधारण जनताको जीवन सुधार्ने वाचा गरेर सत्तामा पुगेका रुटोले कर बढाउने निर्णय गर्दा जनताले आफूलाई धोका खाएको महसुस गरेका छन्," उहाँले भन्नुभयो ।


अन्तर्राष्ट्रिय निकायहरूका अनुसार, बढ्दो जनसङ्ख्याको आवश्यकताहरू पूरा गर्न सरकारलाई राजस्व संकलन गर्नुपर्ने बाध्यता छ। तर, आगामी आर्थिक वर्षका लागि तयार पारिएको बजेटमा प्रत्यक्ष कर नबढाउने प्रयास गरिएको छ, ताकि पुनः जनआन्दोलन नहोस् ।

"अब करको सीमा पुगेको छ," अर्थ मामिलामा अनुसन्धान गर्ने संस्थाका प्रमुख क्वामे ओविनोले भन्नुभयो। "सरकारको अपारदर्शिता, अनुत्पादक ऋणको बोझ र भ्रष्टाचारलाई जनताले अब स्वीकार गर्न सक्दैनन्," उहाँको भनाइ थियो ।

धैरै नागरिकहरूका अनुसार, यदि भ्रष्टाचार नियन्त्रणमा ल्याइयो भने देशको अवस्था सुधारिन सक्छ। तर, त्यो समस्या गहिरो गरी जरा गाडिसकेको विश्लेषकहरूको ठम्याइ छ ।

कतिपय नागरिकहरू सन् २०२७ को आगामी निर्वाचनबाट केही सुधारको आशा राखिरहेका छन् । तर, विगतका अनुभवका आधारमा केही मानिसहरू अझै निराश देखिन्छन् । एक व्यापारीले छोटो प्रतिक्रिया दिनुभयो, "हामीले सधैं भ्रष्टाचारीहरूलाई नै जिताइरहेका हुन्छौं ।"

# चुनाव गराएर मात्रै राजिनामा दिन्छुः नेता युनुस



एएफपी

लण्डन । बङ्गलादेशका अन्तरिम नेता मोहम्मद युनुसले आफूले बङ्गलादेशमा निर्बाचन गराएर निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने बताउनुभएको छ। उहाँ आगामी अप्रिलमा निर्वाचन गर्ने घोषणा गरेको र निर्वाचनपछि सत्तामा रहिरहने कुनै उपाय आफुलाई बताउनुभएको हो ।

करिब १७ करोड जनसङ्ख्या रहेको बङ्गलादेशमा विद्यार्थी नेतृत्वको विद्रोहका कारण सन् २०२४ को अगष्टमा तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई पदच्युत गरी १५ वर्ष लामो शासन अन्त्य भएको थियो। युनुस स्वयंले कुनै राजनीतिक पद खोजिरहेका छन् कि भनेर सोधिएको प्रश्नमा ८४ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता युनुसले निर्वाचनपछि सत्तामा रहिरहन 'कुनै चाहना नभएको' बताउनुभएको हो। उहाँले भन्नुभयो, "मलाई लाग्छ, म मात्र होइन, हाम्रो क्याबिनेटका कुनै पनि सदस्यले त्यसो गर्न चाहँदैनन् ।"

लण्डनको विदेश नीति थिङ्क ट्याङ्क चाथम हाउस, रोयल इन्स्टिच्युट अफ इन्टरनेसनल अफेयर्समा मङ्गलबार साँझ बोल्दै युनुसले उक्त कुरा बताउनुभएको हो। उहाँले हसिनालाई सत्ताच्युत गर्ने प्रदर्शन सुरु भएको एक वर्षपछि अर्को महिना 'जुलाई चार्टर' भनिने प्रस्तावको 'ठूलो प्याकेज' सार्वजनिक गर्न चाहेको पनि बताउनुभएको छ । उहाँले यो प्याकेजको उद्देश्य हसिनाको कार्यकालपछि लोकतान्त्रिक संस्थाहरूमा आमूल परिवर्तन गर्नु रहेको बताउनुभयो ।

'हामी नयाँ बङ्गलादेश बनाउन चाहन्छौं," युनुसले भन्नुभयो । उहाँले भन्नुभयो, "राजनीतिक दलसँग कुरा गरेर सरकारको 'सहमति आयोग'ले यो बडापत्र तयार गरिरहेको छायुनुसले लामो समयदेखि सन् २०२६ को जुनभन्दा अघि नै चुनाव हुने बताउँदै आउनुभएको छ तर अन्तरिम प्रशासनले जति धैरै सुधार गर्छ त्यति नै राम्रो हुने बताउनुहुन्छ । सत्ताका लागि होडबाजी गरिरहेका राजनीतिक दलहरूले पटक-पटक समयतालिका तोक्न माग गरेपछि उहाँले यसै महिनाको सुरुमा सन् २०२६ को अप्रिलमा चुनाव हुने बताउनुभएको थियो ।

उहाँले भन्नुभयो, "हाम्रो काम संक्रमणकाललाई राम्रोसँग व्यवस्थापन गर्ने हो र हामीले निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्दा जनता खुसी हुनेछन् ।"उहाँले भन्नुभयो, "त्यसैले हामी यो सुनिश्चित गर्न चाहन्छौं कि चुनाव सही छ, यो हाम्रो लागि धैरै महत्वपूर्ण कारक हो। यदि चुनावमा अनियमितता भयो भने यो कुरा फेरि कहिल्यै समाधान हुँदैन।"

युनुसले लण्डनमा बङ्गलादेश नेसनलिस्ट पार्टीका कार्यवाहक अध्यक्ष तारिक रहमानसँग पनि भेटघाट गर्ने अपेक्षा गरिएको छ ।पूर्व प्रधानमन्त्री खालिदा जियाका छोरा ५९ वर्षीय रहमानविरूद्ध हसिना सरकारले सन् २००८ मा दोषी करार गरी जेल सजाय सुनाएपछि लण्डनमा बस्दै आउनुभएको थियो । चुनावमा पार्टीको नेतृत्व गर्न उहाँ ढाका फर्कने अपेक्षा गरिएको छ ।

# धरानको एन्फा एकेडेमी : राष्ट्रिय खेलाडी जन्माउने थलो




धरान । संखुवासभामा जन्मिनुभएका रोजेश ओझाले बाल्यकालमै देख्नुभएको थियो बललाई लात्तीले हानेर धैरै टाढा पुऱ्याएको सपना। दैनिकजसो साँझ परेपछि साथीहरुसँग गाउँका गल्लीहरुमा फालिएका मोजा र थोत्रा कपडाले बनाइएका बल खेल्न उहाँका लागि रमाइलो मात्र बनेन, भविष्य निर्माणको अभ्यास पनि बन्न पुग्यो । उहाँ अहिले यही धरान एन्फा एकेडेमीमा एक वर्षदेखि प्रशिक्षणरत हुनुहुन्छ ।

उहाँले भन्नुभयो, "छ/सात बर्षको उमेरदेखि नै ममा फुटबल खेल्ने सोख पलाएको थियो। पनि एक दिन फुटबलको राष्ट्रिय टिममा पुग्न सक्छु भन्ने सोचले आफू सानो हुँदा गाउँमा सञ्चालन भइरहेका फुटबल प्रतियोगिताहरु हेर्न पुग्थेँ । दाइहरुले खेलेको बललाई एकपटक हान्न पाए हुन्थ्यो भन्दै खेल मैदानको वरपर ढुकेर बस्थेँ । उहाँहरुले खेल्ला उछिटिएर बाहिर गुडेको बल समात्न पाउँदा ठूलो सफलता मिलेको जस्तो लाग्थ्यो ।" त्यतिबेला देखेको सपना आज आफूलाई एन्फा एकेडेमीमा पाउँदा निकै रोमाञ्चक लागेको उहाँ बताउनुहुन्छ ।सपना देख्न मात्र ठूलो कुरा हैन रहेछ त्यसलाई पूरा गर्न कति मिहेनत चाहिन्छ भन्ने आज आफ्नै भोगाइले पुष्टि गरेको छ", उहाँ भन्नुहुन्छ ।

एकेडेमीमा दिनमा दुई पटक अभ्यास गराइन्छ । सुरुका दिनहरुमा घण्टौंसम्मको उफ्राई र दौडाइले गर्दा गोडा दुख्थ्यो, जिउ गल्थ्यो, शरीर पूरै थकित हुन्थ्यो । तर जब प्रशिक्षकले तिमी पनि राष्ट्रिय टिममा खेल्न सक्छौं भनेर भन्नुहुन्थ्यो, क्षणभरमै शरीरमा एकाएक ऊर्जा भरिएर आउँथ्यो, जिउ हलुका र फूर्तिलो हुन्थ्यो । उहाँ भन्नुहुन्छ, "उतिबेला पछि म पनि पक्कै राम्रो खेलाडी बन्न सक्छु भन्ने भाव मनमा जाग्थ्यो । एन्फा एकेडेमीले मलाई सपना देख्न मात्र हैन त्यहाँ पुग्ने बाटो पनि देखाइदिएको छ।"

धरानको एन्फा एकेडेमी जहाँ गल्लीमा खेलिएको बलले अन्तराष्ट्रिय मैदानको ढोका ढक्ढक्याउँछ । अहिले हजारौं युवा यस एकेडेमीमा पस्दा आफ्ना सपनाहरु लुकाउँदैनन् । अहिले धैरै युवा यही बाटो समाएर अघि बढिरहेका छन्, फुटबलको भरमा देश चिनाउने सपना बोकेर फुटबल सिक्दै सपना बुन्दै र देशको नाम संसारमा चम्काउने भरोसा बोकेर ।

ओझाजस्तै यही भीडमा देखिनुहुन्छ सोलुखुम्बुका १५ वर्षीय प्रजल भुजेल उहाँले पनि ठूलो सपना देख्नुभएको । छ वर्षको उमेरदेखि नै फुटबलप्रति मोह राख्ने प्रजल अहिले पनि दिनहुँ धरान एन्फा एकेडेमीको खेल मैदानमा पसिना बगाइरहनु भएको छ। "गाउँका गल्लीहरुमा फालिएका मोजामा कपडा खाँदेर बनाइएका बल साथीहरुसँग खेल्थ्यौं", उहाँले भन्नुभयो, "कहिलेकाहीँ छ बारीमा फलेका भोगटे पनि टिपेर फुटबल खेल्थ्यौं ।" साथीहरुसँग त्यही बेलादेखि फुटबलप्रतिको मोह बढ्दै गयो भुजेललाई । राष्ट्रिय फुटबल खेलाडी बन्ने मन छ, मिममत पनि छ, उहाँ भन्नुहुन्छ, "आफूमा विश्वास पनि छ, फुटबल नखेलेको भए म तेक्वाण्डो खेलाडी कि त लाहुर बन्थेँ होला तर अहिले उहाँ फुटबलमै मन झुमाइरहनु भएको छ।"

घरपरिवारको साथ सहयोगले उहाँलाई अझ थप हौसला दिएको छ । उहाँले भन्नुभयो, "अहिले प्रशिक्षकले पनि राम्रोसँग सिकाउनुहुन्छ लाग्छ यो सिकाइले मिहेनत गरियो भने सफल भने हुन्छौं । कुनै एक समय हरेक सहरका गल्लीहरूमा खेलिने फुटबललाई रमाइलो मानिन्थ्यो। तर अहिले ती गल्लीका खेलाडी नै राष्ट्रिय टोलीको ढोका ढक्ढक्याउन थालेका छन्। त्यो सम्भव भएको छ, धरान एन्फा एकेडेमी टेक्निकल सेन्टरको प्रभावका कारण । "हामीले यहाँ केबल फुटबल खेलाडी मात्र तयार गर्दैनौं, यहाँ अनुशासन र आत्मविश्वास पनि सँगै सिकाउँछौं, एन्फा एकेडेमीका प्रशिक्षक इन्दु रसाइली भन्नुहुन्छ।

एन्फा एकेडेमीमा प्रशिक्षक बन्नुभएका पूर्वराष्ट्रिय खेलाडी तथा राष्ट्रिय रेफ्री समेत रहनुभएका रसाइली २०५७ सालदेखि यहाँ खेलाडीलाई प्रशिक्षण दिँदै आउनुभएको छ। फुटबल खेलमै जीवन समर्पण गर्नुभएको रसाइलीले एन्फा एकेडेमी सुरु हुनुअघि विभिन्न ठाउँहरुमा प्रशिक्षकको रुपमा काम नगरेको भए पनि राष्ट्रिय बुढासुब्बा गोल्डकपजस्ता प्रतियोगिताहरुमा रेफ्रीको महत्वपूर्ण भूमिका निभाउँदै आउनुभएको छ।

अहिले उहाँको प्रशिक्षणमा विशेष ध्यान खेलाडीहरुको खेल्ने तरिका र रणनीतिमा केन्द्रित रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले यहाँका खेलाडीहरुलाई बल कसरी हान्ने, कुन समयमा पास दिने, कसरी डिफेन्स भाँच्ने जस्ता कुरामा तालिम दिइरहेका छौं", रसाइली भन्नुहुन्छ, "खेलाडीमा आत्मविश्वाससँगै प्राविधिक दक्षता विकास गर्नुपर्छ भन्ने हाम्रो मुख्य उद्देश्य हो ।" उहाँको अनुभव र प्रशिक्षण शैलीले अहिलेको पुस्ताका खेलाडीलाई नयाँ ढङ्गले सोच्ने र खेल्न प्रेरित गरिरहेको छ । खेलाडीको खेलप्रतिको लगाव र दशकौंको अनुभवका साथ रसाइली अझ पनि युवामाझ फुटबलको भविष्य निर्माणमा जुटिरहनुभएको छ।

धरानका एलिन थापा विगत एक वर्षदेखि एन्फा एकेडेमीमा नियमित तालिम लिइरहनुभएको छ। सानै उमेरदेखि फुटबल खेलमा रुचि राख्ने उहाँ पनि यहाँ आएपछि फुटबलप्रतिको अभिरुचि र लगाव झन बढेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "तालिमको क्रममा मैले अनुशासन, समयको मूल्य, 'टिमवर्क' र निरन्तर अभ्यासको महत्व बुझ्न पाएँ ।

फुटबल क्षेत्रमा झण्डै २७ वर्ष अनुभव बटुल्नुभएका अनुभवी प्रशिक्षकले अहिले एन्फा एकेडेमीमा ३१ जना खेलाडीलाई नियमित तालिम दिइरहनुभएको छ। बिहान र बेलुका गरेर दुई समय तालिम सञ्चालन गरिरहनुभएका उहाँले खेलाडीहरुको शारीरिक प्राविधिक र मानसिक विकासमा केन्द्रित भएर काम गरिरहने बताउनुभयो । उहाँले भन्नुभयो, "कहिले फुटबल नै नछोएका खेलाडी छैनन्, फुटबल सिक्नका लागि जिल्ला हुँदै केन्द्रबाट छनोट भएर आएका खेलाडी छन् । तालिम दिन गाहे भने छैन, खेलाडीको इच्छा शक्ति र लगनशीलता छ भने उनीहरुलाई सक्षम बनाउन सहज भएको उहाँको अनुभव छ।

इलामका १६ वर्षिय प्रनिश राई अहिले एन्फा एकेडेमीमा नियमित तालिम लिइरहनुभएको छ । एक वर्षदेखि निरन्तर तालिममा लिइरहनुभएका प्रनिशलाई फुटबलप्रतिको प्रेम भने बाल्यकालदेखि नै लागेको थियो । उहाँका बुबा पनि खेलाडी भएका कारण त्यसको प्रभाव उहाँमा पनि परेको हुनसक्छ। सानो उमेरमै घरका आँगन र गल्लीतिर प्लाष्टिकका बल त कहिले पुराना फालिएका कपडाको पोको पारेको बल बनाएर खेल्नुहुन्थ्यो । सानै उमेरबाट फुटबलमा रुचि राख्ने प्रनिश अहिले फुटबलमै भविष्य देखिरहनु भएको छ। धरानको एन्फा एकेडेमीको खेल मैदानमा पसिना बगाइरहेका उहाँले भन्नुभयो, "छोरालाई राष्ट्रिय खेलाडी बनाउने बुबाको सपना छ, मैले त्यो सपना पूरा गर्नु छ घरपरिवारको माया र सहयोगको कारण फुटबलप्रतिको लगाब र हौसला बढेको हुनसक्छ।"

अहिले हरेक सहरको गल्लीगल्लीका युवाहरू केबल गोल हानिरहेका मात्र छैनन्, उनीहरू जीवनमा गोल 'सेट' पनि गरिरहेका छन्। "फुटबल भनेको खेल मात्र नभएर धैरैको सपना हो। त्यो सपना गल्लीदेखि सुरु हुन्छ र एकेडेमीजस्तो ठाउँमा आएर आकार लिन्छ", धरानस्थित एन्फा एकेडेमीका व्यवस्थापक तथा कोशी प्रदेश फुटबल सङ्घका अध्यक्ष तथा पूर्वराष्ट्रिय खेलाडी किशोर राईले भन्नुभयो । पूर्वी नेपालको खेलकुदको सहर र खेलकुदको केन्द्र मानिने धरानमा २०५७ सालमा धरान उपमहानगरपालिका-१७ मा स्थापना भएको एन्फा एकेडेमी टेक्निकल सेन्टर हाल प्रदेशस्तरमा अत्याधुनिक खेल प्रशिक्षण दिने संस्था बनेको छ। सानै उमेरबाट फुटबल खेलप्रति रुचि राख्दै राष्ट्रिय खेलाडीको रुपमा आफ्नो 'करियर' सुरु गर्नुभएको राईकै नेतृत्वमा एन्फा एकेडेमी स्थापना गरिएको हो।

नेपाली फुटबलको जरा बलियो बनाउने उद्देश्यका साथ स्थापना गरिएको यो एकेडेमीबाट अहिलेसम्म सयभन्दा बढी राष्ट्रिय खेलाडी उत्पादन भइसकेका छन् । विभिन्न सहरहरुका गल्लीहरुमा रहेका प्रतिभाशाली युवा खेलाडीहरुलाई एउटै थलोमा भेला गराई व्यवस्थित थियो। गाउँ सहरका गल्लीहरुमा फुटबल खेल्दै हुर्केका युवा खेलाडीहरुलाई अन्तरराष्ट्रियस्तरको प्रशिक्षण दिने वातावरण बनाउने सपना बोकेर यो एकेडेमी सथापना गरिएको उहाँले बताउनुभयो। अहिले धरान एन्फा एकेडेमीमा ३० जना बढी खेलाडीले तालिम लिइरहेका छन् । उनीहरुको सबैको सपना एउटै छ, राष्ट्रिय जर्सी लगाएर मैदान उत्रनु। गल्लीमा बल खेल्दै हिँड्ने बालकहरु अहिले सङ्गठित प्रशिक्षणमार्फत राष्ट्रिय प्रतिनिधि बन्ने बाटोमा लागिरहेका छन् ।रासस

## राष्ट्रपति रनिङ खेलकुद प्रतियोगिता :

# एथलेटिक्समा प्रवीण र सङ्गीताद्वारा राष्ट्रिय कीर्तिमान

काठमाण्डु । यहाँ जारी १५औँ केन्द्रीय राष्ट्रपति रनिङ खेलकुद अन्तरगत एथलेटिक्स प्रतियोगितामा बागमती प्रदेशका प्रवीण राना मगर र सुदूरपश्चिम प्रदेशकी सङ्गीता विकले आज नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा प्रवीणले जुनियर छात्र एक सय मिटर दौड तथा सङ्गीताले जुनियर छात्रा चार सय मिटर दौडमा राष्ट्रिय कीर्तिमान बनाएका हुन् । कीर्तिमानबापत दुवैले जनही रु १० हजार नगद पुरस्कार पाउने छन् । रानामगरले निर्धारित दूरी १०.७६ सेकेन्डमा पूरा गर्दै कीर्तिमानी स्वर्ण जिते ।

यसअघि आशिष चौधरीको नाममा १०.९० सेकेण्डको कीर्तिमान थियो। उनले त्यो कीर्तिमान २०७० सालमा बनाएका थिए। कोशी प्रदेशका सुजन मण्डल दोस्रो तथा लुम्बिनी प्रदेशका शुभम बमरेल तेस्रो भए ।धावक विकले निर्धारित दूरी १ मिनेट ०१.१९ सेकेन्डमा पूरा गर्दै कीर्तिमानसहित स्वर्ण जितिन् । उनीले २०७६ सालमा अरुणा रिजालले स्थापित गरेको एक मिनेट ०१.३० सेकेन्डको कीर्तिमान भङ्ग गरेकी हुन् । बागमतीकी अनिशा थारु दोस्रो र कर्णालीकी कृष्णा राना तेस्रो बने ।


युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा भइरहेको प्रतियोगिताको छात्रा एक सय मिटर दौडमा बागमतीकी दिना गोपाली पहिलो भइन् । उनीले १२.८१ सेकेन्ड समय लगाइन् । लुम्बिनीकी आरुशी भट्टराई दोस्रो तथा गण्डकी प्रदेशकी अनुष्का अधिकारी तेस्रो भए । छात्र चार सय मिटर दौडमा कर्णालीका धीरेन्द्र विकले स्वर्ण जिते । उनले निर्धारित दूरी पूरा गर्न ५१.८९ सेकेन्ड समय खर्चे । गण्डकीका प्रकाश महतोले रजत तथा सुदूरपश्चिमका विक्रम विष्टले काँस्य हात पारे ।

छात्र हाइजम्पमा बागमतीका अविनाश सुनार पहिलो भए । उनले १.६८ मिटर जम्प गरे । सुदूरपश्चिमका उज्वलकुमार विक दोस्रो तथा गण्डकीका विवेक महतो तेस्रो स्थानमा रहे । सो स्पर्धाको छात्रामा १.३८ मिटर जम्प गर्दै सुदूरपश्चिमकी सुस्मिता चौधरी शीर्ष स्थानमा रहिन् । गण्डकीकी सविता खातुन मियाँ दोस्रो तथा कर्णालीकी हीरा बुढा तेस्रो बने ।

सटपुटको छात्रमा सुदूरपश्चिमका विवेक चौधरी पहिलो भए । उनले १३.६१ मिटर टाढा फाले । लुम्बिनीका राजन भण्डारी दोस्रो तथा कर्णालीका केशव विक तेस्रो भए । उक्त स्पर्धाको छात्रामा बागमतिकी एलिना विकले स्वर्ण जितिन् । एलिनाले ८.६९ मिटर टाढा फालिन् । सुदूरपश्चिमकी पूजा साउदले रजत तथा लुम्बिनीकी सम्झना चौधरीले काँस्य जिते ।

छात्रा एक हजार पाँच सय मिटर दौडमा गण्डकीकी नारायणी भण्डारी पहिलो भइन् । नारायणीले ५ मिनेट ०३.९ सेकेन्डमा दूरी तय गरिन् । बागमतीकी भगवती खड्का दोस्रो तथा सुदूरपश्चिमकी देवकी धामी तेस्रो भए । प्रतियोगितामा २६ स्वर्णका लागि प्रतिस्पर्धा भइरहेको छ ।रासस

# नेदरल्याण्ड्सविरुद्ध नेपाल १६ रनले विजयी



काठमाण्डु । आइसिसी क्रिकेट विश्वकप लिग-२, त्रिकोणात्मक एकदिवसीय शृंखलाअन्तर्गत नेपालले नेदरल्याण्ड्सलाई १६ रनले पराजित गरेको छ । जारी प्रतियोगितामा नेपालले नेदरल्याण्ड्सलाई लगातार दुई खेलमा हराएको हो ।

स्कटल्यान्डको डुन्डेस्थित फोर्टहिल क्रिकेट मैदानमा भएको खेलमा नेपालले प्रस्तुत गरेको २३७ रनको लक्ष्य पछ्याएको नेदरल्याण्ड्स ४९ दशमलव २ ओभरमा अलआउट हुँदै २२० रनमा समेटियो । नेपालको जितमा नन्दन यादव र सन्दीप यादवले तीन/तीन विकेट लिए। ललित राजवंशीले दुई विकेट लिँदा करण केसी र कुशल भुर्तेलले एक/एक विकेट हात पारे ।

नेदरल्याण्ड्सका लागि वास्ली बारेसीले सर्वाधिक ३६ रन बनाए भने स्कट एडवार्डले ३० र केले केलिनले २५ रन बनाए । उसका लागि ओपनर मिचेल लेभिटले २७ रन बनाउँदा नोहा क्रोएसले २२ र तेजा निदामानुरुले १७ र रोएलोफ भान डेर मेरवेले १६ रन बनाए। त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै २३६ रन बनाएको थियो । नेपालका लागि आरिफ शेखले ८५ बलमा सात चौका र दुई छक्काको मद्दतमा ८४ रन बनाए।

यसैगरी भीम सार्की र कप्तान रोहितकुमार पौडेलले समान ३५/३५ रन बनाए । यस्तै, कुशल भुर्तेलले १८, दीपेन्द्रसिंह ऐरीले १६, बसिर अहमद र करण केसीले समान ११/११ तथा नन्दन यादवले १० रन बनाए । सन्दीप लामिछाने दुई रन जोड्दै आउट भए । नेदरल्याण्ड्सका लागि पउल भान मिकेरनले चार विकेट लिँदा माइकल लेभिटले तीन तथा आर्यन दत्तले एक विकेट लिए ।रासस

# मह र मासमा अनुदान



दमौली । आँबुखैरेनी गाउँपालिकाले किसानलाई मह र मास उत्पादनमा अनुदान दिएपछि किसान उत्साहित भएका छन् । उत्पादनमा आधारित अनुदान कार्यक्रमअन्तर्गत किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले मह र मासमा अनुदान दिएको हो ।

गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीका अनुसार किसानलाई मह र मासखेतीमा आकर्षित गर्ने उद्देश्यसहित पालिकाले प्रतिकिलो रु २५ का दरले अनुदान दिएको हो । आँबुखैरेनी-४ र ५ का किसानले चालु आर्थिक वर्षमा मह र मास उत्पादन गरेबापत रु तीन लाख ९३ हजार ४५० अनुदान पाएका छन् ।

पालिकाले मह र मास हाटबजारसम्म ढुवानीको व्यवस्था पनि मिलाएको छ । प्रमुख केसीले भन्नुभयो, "पालिकामा मास र मह उत्पादनको सम्भावना छ । किसानलाई यसमा टिकाइराख्न अनुदानको नीति लिइएको हो । प्रतिकिलो रु २५ का दरले अनुदान दिन्छौँ ।"चालु आर्थिक वर्षमा सात कृषक समूहमा आबद्ध एक सय २३ किसानले अनुदान पाएका छन् । आँबुखैरेनी गाउँपालिका-४ स्थित थामचुली मौरीपालक कृषक समूहमा आबद्ध किसानले चार सय ५० किलो मास र दुई सय ५८ किलो मह उत्पादन गरेबापत रु १७ हजार ७०० अनुदान पाएका छन् ।

त्यसैगरी आँबुखैरेनी-४ स्थित खस्राङ गाउँ कृषक समूहमा आबद्ध किसानले दुई हजार ७९७ किलो मास उत्पादन गरेबापत रु ६९ हजार ९२५ अनुदान पाएका छन् । आँबुखैरेनी-५ स्थित माइ छिम्केश्वरी कृषक समूहमा आबद्ध किसानले आठ सय ७१ किलो मास उत्पादन गरेबापत रु २१ हजार सात सय ७५ अनुदान पाएका छन् ।

आँबुखैरेनी-५ कै खोलागाउँ कृषक समूहमा आबद्ध किसानले दुई हजार ५९० किलो मास उत्पादन गरेबापत रु ६४ हजार ७५० अनुदान पाएका छन् । इन्द्रदेवी कृषक समूहमा आबद्ध किसानले एक हजार ५० किलो मास उत्पादन गरेबापत रु २६ हजार २५० अनुदान पाएका छन् । भुकुन्डी खेउसिङ कृषक समूहमा आबद्ध किसानले छ हजार सात किलो मास उत्पादन गरेबापत रु एक लाख ५० हजार १७५ अनुदान पाएका छन् । आँबुखैरेनी गाउँपालिका-४ स्थित थानीमाइ कृषक समूहमा आबद्ध किसानले एक हजार ७३२ किलो मास र ११ किलो मह उत्पादन गरेबापत रु ४३ हजार ५७५ अनुदान पाएका छन् ।


खोला गाउँ कृषक समूहका अध्यक्ष शुकमाया प्रजाले उत्पादनमा आधारित अनुदानले किसान आकर्षित भएका बताउनुभयो । राससँगको कुराकानीमा उहाँले भन्नुभयो, "मास र महका लागि पालिकाले सहयोग गरेपछि किसान यसतर्फ टिकिराख्न सक्छन् ।" भुकुण्डी खेउसिङ कृषक समूहका अध्यक्ष विमला गुरुङले अनुदान नीतिले किसानलाई कृषिमा आकर्षित गर्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# चक्रपथ स्तरोन्नतिपछि चिटिक्क बेनीबजार'

गलेश्वर । कालीगण्डकी र म्याग्दी नदीको सङ्गमस्थलमा रहेको म्याग्दीको सदरमुकाम बेनीमा चक्रपथ (रिङरोड) स्तरोन्नतिको काम पूरा भएपछि बजार सुरक्षित हुनुका साथ सुन्दर देखिएको छ ।

नदी कटानबाट सुरक्षित राख्न निर्माण गरिएको तटबन्धमाथि 'आरसिसी' ढलान गरी चक्रपथ बनाएपछि नदी तटमा रहेको बेनीबजार सुरक्षित हुनुका साथ चिटिक्क देखिएको छ ।

नेपाल सरकारको देशभर १० वटा नमूना नगरपालिका बनाउने कार्यक्रमअन्तर्गत रु तीन करोड १९ लाखको लगानीमा बेनीबजारस्थित चक्रपथ स्तरोन्नतिको काम पूरा भएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिनुभयो ।बेनी नगरपालिका-८, कालीपुलदेखि दोभान हुँदै खुलामञ्चको पश्चिमतर्फ बहुउद्देश्यीय मैदान छेउसम्म करिब ९०० मिटर लम्बाइ र पाँचदेखि छ मिटर चौडाइको सडकमा नालीसमेत निर्माण गरिएको छ ।



यसरी बेनी बजारको बाहिरी क्षेत्र कालीगण्डकी र म्याग्दी नदीको किनारैकिनार चक्रपथ बनेपछि सवारीसाधन आवागमनमा सहज भएको र बजार क्षेत्रको भित्री भागमा सवारीसाधनको चाप घटी दुर्घटनाको जोखिम पनि कम भएको नगरप्रमुख केसीले स्पष्ट गर्नुभयो ।

बाढीको उच्च जोखिमयुक्त जिल्ला सदरमुकाम बेनीबजार संरक्षणका लागि 'आरसिसी' तथा 'मेसिनरी' तटबन्ध निर्माणको कामले निरन्तरता पाइरहेको छ । विसं २०७३ मा कालीगण्डकी नदी किनारमा पक्की र म्याग्दी नदी किनारमा मेसिनरी पर्खाल लगाउने गरी जल उत्पन्न प्रकोप नियन्त्रण सव-डिभिजन कार्यालय बागलुङले बेनी बजार संरक्षण आयोजना सुरु गरेको थियो ।

विसं २०७२ मा कालीगण्डकी किनारमा रु एक करोड ८८ लाखको लागतमा १२४ दशमलव पाँच मिटर र २०७० सालमा ६३ मिटर पक्की पर्खाल निर्माण गरिएको थियो । यसैबीच सिँचाइ मन्त्रालयले बेनीबजार संरक्षण कार्यक्रमको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरेको थियो ।

कालीगण्डकी र म्याग्दीको सङ्गमस्थलमा रहेको बेनीबजार १७ औँ शताब्दीमा बस्ती विस्तार भएको एक ऐतिहासिक एवं रमणीय बस्ती हो । इतिहासकार चन्द्रप्रकाश बानियाँका अनुसार १६३१ सालमा पर्वत राज्यको विखण्डन भएपछि पर्वत सातौँ राजा मलेबम मल्लले पर्वत राज्यको राजधानी बेनीमा सारेपछि व्यावसायिक यात्राको सुरुआत र बस्ती विस्तार भएको हो ।

अन्नपूर्ण सर्किटअन्तर्गत प्रमुख पर्यटकीय आकर्षण र बासस्थान बनेको बेनी बजार राजधानी काठमाडौँदेखि करिब ३०० किलोमिटर पश्चिममा अवस्थित छ । सदरमुकाम बेनी र आसपासका क्षेत्रबाट अन्नपूर्ण, धौलागिरि, नीलगिरि, चुरैन, मानापाथी र गुर्जासहित एक दर्जनभन्दा बढी हिमशृृ ला देख्न सकिन्छ ।रासस

# गर्मी छल्न त्रिशूलीमा र्‍याफ्टिङ

दमौली । उखरमाउलो गर्मीले वातावरण तातेको छ । केही दिनअघि पूर्वी क्षेत्रमा झुलुक्क देखिएको मसुसन त्यतै अड्किएको छ । पानी नपर्दा तापक्रम ३१ डिग्रीसम्म पुगेको छ । बढ्दो तापक्रमले घरबाहिर निस्कन पनि नसक्ने अवस्था छ ।

त्यसैले त देशका विभिन्न ठाउँबाट बढ्दो गर्मी छल्न मानिसहरु त्रिशूली नदीमा र्‍याफ्टिङका लागि आउन थालेका छन् । काठमाडौँ तथा चितवनबाट गाडीमा दुई/तीन घण्टामै पुगिने त्रिशूली नदीमा र्‍याफ्टिङ गर्नेको सङ्ख्या केही दिनयता बढेको हो । र्‍याफ्टिङ मात्रै होइन यतिबेला त्रिशूलीमा ' क्लिफ जम्प' गर्दै नदीको चिसो पानीमा रमाउनेहरु देखिन्छन् ।

त्यसो त यो र्‍याफ्टिङका लागि सबैभन्दा उपयुक्त समय पनि हो । लामो समयदेखि र्‍याफ्टिङ व्यवसाय सञ्चालन गर्दै आउनुभएका त्रिशूली रिभर साइड रिसोर्ट र त्रिशूली भिल्लाका सञ्चालक उद्धव कँडेल यतिबेला र्‍याफ्टिङका लागि आउनेहरुको संख्या उल्लेख्य बढेको बताउनुहुन्छ ।

"र्‍याफ्टिङका लागि यो अनुकूल समय हो, वर्खा सुरु नभएकाले नदीमा पानीको सतह पनि बढेको छैन", उहाँले भन्नुभयो, "पारिवारिक साहसिक गतिविधि भएकाले र्‍याफ्टिङ गर्नेहरु बढेका छन् ।" बिदाका दिन आउने, र्‍याफ्टिङ गर्ने र रिसोर्ट तथा भिल्लामा एक रात बिताउनेहरु बढेको उहाँको भनाइ छ ।

उहाँका अनुसार त्रिशूलीमा खासगरी काठमाडौँ, चितवन, पोखरालगायतका सहरबाट मानिसहरु आउने गरेका छन् । "कतिपय मानिसहरु काठमाडौँ-चितवन-पोखराकोयात्राकाक्रममा पनिर्‍याफ्टिङगरेरजानेहरुहुनुहुन्छ, त्यसबाहेककाठमाडौँरचितवनबाट प्याकेजमा र्‍याफ्टिङलगायतका गतिविधिका लागि आउनेहरु हुनुहुन्छ", उहाँले भन्नुभयो । यहाँ आउनेहरु गर्मी छल्ने मात्रै नभइ नदीमाथि स्काइ साइकलिङलगायतका गतिविधिका लागि पनि आउने गरेको उहाँको बुझाइ छ ।

त्रिशूली नदीमा र्‍याफ्टिङ निकै सहज भएकाले काठमाडौँबाट चितवन वा पोखरा जाने जोकोहीले पनि बाटोमा र्‍याफ्टिङ गर्न सक्छन् । "र्‍याफ्टिङ सबै उमेर समूहका लागि हो", सञ्चालक कँडेलले भन्नुभयो ।

र्‍याफ्टिङ गाइड मिथुन श्रेष्ठका अनुसार त्रिशूली नदी आफैँमा र्‍याफ्टिङका लागि प्रमुख गन्तव्य हो । परिवार तथा साथीहरुको समूहमा नदीमा र्‍याफ्टिङ गर्दा र्‍यापिड (पानीको भङ्गालो) मा पैंठेजोरी खेल्दै जानुको अनुभव निकै रोमाञ्चक हुने उहाँको अनुभव छ । काठमाडौँबाट नजिकैको गन्तव्य र सहज यातायातको पहुँचका कारणले त्रिशूली र्‍याफ्टिङको प्रमुख गन्तव्य बनेको छ ।रासस

# सागसब्जी र फलफूलको थोक मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले बुधबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार प्रस्तुत सागसब्जी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । गोलभैँडा ठूलो (नेपाली) प्रतिकिलो रु ११०, गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ११०, गोलभैँडा सानो (लोकल) प्रतिकिलो रु ८०, गोलभैँडा सानो (टनेल) प्रतिकिलो रु १००, आलु रातो प्रतिकिलो रु ४०, आलु रातो (भारतीय) प्रतिकिलो रु ३५, आलु रातो (मुडे) प्रतिकिलो रु ३८, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ४२, गाजर (लोकल) प्रतिकिलो रु ७०, गाजर (तराई) प्रतिकिलो रु ५०, बन्दा (लोकल) प्रतिकिलो रु २२, काउली स्थानीय प्रतिकिलो रु ७०, मूला सेतो (लोकल) प्रतिकिलो रु ३४, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३५, भन्टा लाम्चो प्रतिकिलो रु ७०, भन्टा डल्लो प्रतिकिलो रु ४०, तने बोडी प्रतिकिलो रु ४०, मकै बोडी प्रतिकिलो रु ७० कायम भएको छ ।



यसैगरी, मटरकोसा प्रतिकिलो रु १५०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ५०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ५०, घिउ सिमी राजमा मूल्य प्रतिकिलो रु १२०, भटमास कोसा प्रतिकिलो रु १४०, तीतो करेला प्रतिकिलो रु ५५, लौका प्रतिकिलो रु ५०, परबर (लोकल) प्रतिकिलो रु ५५, परबर (तराई) प्रतिकिलो रु ५५, चिचिण्डो प्रतिकिलो रु ४०, घिरौला प्रतिकिलो रु ५०, झिगुनी प्रतिकिलो रु ६०, फर्सी पाकेको प्रतिकिलो रु ४५, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ३८, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ३०, भिण्डी प्रतिकिलो रु ४० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, पिँडालु प्रतिकिलो रु १२०, स्कूस प्रतिकिलो रु ७५, रायोसाग प्रतिकिलो रु ४०, पालुङ्गो साग प्रतिकिलो रु ४५, तोरीको साग प्रतिकिलो रु ३५, च्याउ (कन्य) प्रतिकिलो रु २००, च्याउ (डल्ले) प्रतिकिलो रु ३००, कुरिलो प्रतिकिलो रु ३००, निगुरो प्रतिकिलो रु ३० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकिलो रु ८०, चुकुन्दर प्रतिकिलो रु ८०, रातो बन्दा प्रतिकिलो रु ७०, जिरीको साग प्रतिकिलो रु १००, ग्याठकोभी प्रतिकिलो रु ६०, सेलरी प्रतिकिलो रु १२०, सौफको साग प्रतिकिलो रु १००, पुदिना प्रतिकिलो रु ११०, गान्टेमूला प्रतिकिलो रु ५०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १४० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फुजी) प्रतिकिलो रु ३००, केरा (दर्जन) रु १५०, कागती प्रतिकिलो रु १७०, अनार प्रतिकिलो रु ३५०, आँप (माल्द) प्रतिकिलो रु ६५, आँप (दशहरी) प्रतिकिलो रु ७५, अङ्गुर (हरियो) प्रतिकिलो रु २५०, अङ्गुर (कालो) प्रतिकिलो रु ३५०, तरबुजा (हरियो) प्रतिकिलो रु ४०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु २५०, भुइँकटहर प्रतिगोटा रु १८०, काँक्रो (लोकल) प्रतिकिलो रु ६० निर्धारण गरिएको छ । रासस

# विदेशी मुद्राको विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले बुधबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १३६ रुपैयाँ ६७ पैसा र बिक्रीदर १३७ रुपैयाँ २७ पैसा निर्धारण गरिएको छ ।

युरोपियन युरो एकको खरिददर १५६ रुपैयाँ १५ पैसा र बिक्रीदर १५६ रुपैयाँ ८४ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८४ रुपैयाँ ४७ पैसा र बिक्रीदर १८५ रुपैयाँ २८ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १६६ रुपैयाँ ४२ पैसा र बिक्रीदर १६७ रुपैयाँ १५ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ ०६ पैसा र बिक्रीदर ८९ रुपैयाँ ४५ पैसा, क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ ८४ पैसा र बिक्रीदर १०० रुपैयाँ २७ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०६ रुपैयाँ २९ पैसा र बिक्रीदर १०६ रुपैयाँ ७६ पैसा तोकिएको छ । जापानी येन १० को खरिददर नौ रुपैयाँ ४५ पैसा र बिक्रीदर नौ रुपैयाँ ५० पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ०२ पैसा र बिक्रीदर १९ रुपैयाँ ११ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ४४ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६० पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५० पैसा र बिक्रीदर ३७ रुपैयाँ ६६ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ १९ पैसा र बिक्रीदर चार रुपैयाँ २१ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ २१ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३२ रुपैयाँ २७ पैसा र बिक्रीदर ३२ रुपैयाँ ४१ पैसा, साउथ कोरियन वन १०० को खरिददर १० रुपैयाँ र बिक्रीदर १० रुपैयाँ ०५ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ २७ पैसा र बिक्रीदर १४ रुपैयाँ ३३ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ ९३ पैसा र बिक्रीदर २१ रुपैयाँ ०२ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ४१ पैसा र बिक्रीदर १७ रुपैयाँ ४९ पैसा, कुवेती दिनार एकको खरिददर ४४६ रुपैयाँ ३६ पैसा र बिक्रीदर ४४८ रुपैयाँ ३२ पैसा, बहराइन दिनार एकको खरिददर ३६२ रुपैयाँ ४७ पैसा र बिक्रीदर ३६४ रुपैयाँ ०६ पैसा, ओमनी रियाल एकको खरिददर ३५५ रुपैयाँ ०१ पैसा र विक्रीदर ३५६ रुपैयाँ ५७ पैसा रहेको छ ।

भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ । राष्ट्र बैङ्कले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ । रासस

# ३० रोपनीमा व्यावसायिक अकबरेखेती

वालिङ । यहाँका एक युवाले व्यावसायिकरुपमा अकबरे खुर्सानीखेती थाल्नुभएको छ । स्याङ्जाको गल्याङ नगरपालिका-१ चौरका असिम तिवारीले स्वदेश फर्केसँगै विदेशमा सिकेको सीपको सदुपयोग गर्दै व्यावसायिकरुपमा अकबरे खुर्सानीखेती सुरु गर्नुभएको हो ।

दुई वर्ष रसियामा कृषि क्षेत्रमै काम गरेको अनुभव संगाल्नुभएका तिवारी आफ्नै ठाउँमा फर्केर व्यवसाय थाल्ने हुटहुटीसहित स्वदेश फर्किनुभएको हो । स्वदेश फर्केको २-३ महिनापछि नै उहाँ व्यावसायिकरुपमा अकबरे खुर्सानी लगाउने योजना बनाएर अगाडि बढ्नुभएको हो ।

"स्थानीय बजारसहित देशैभर र अन्तरराष्ट्रिय बजारमा समेत अकबरे खुर्सानीको माग उच्च रहेको पाएँ", उहाँले भन्नुभयो, "आफूलाई कृषि क्षेत्रमा भएको अनुभव साथै खुर्सानीको बजारीकरण तथा खपत राम्रो हुने देखेर व्यावसायिक रुपमा अगाडि बढेको हुँ ।"मातृभूमि कृषि तथा पशुंपक्षी फार्म दर्ता गरेर व्यवसाय थाल्नुभएका तिवारीले ३० रोपनी जमिन भाडामा लिनुभएको छ । उहाँले भाडामा लिएको जमिनको व्यवस्थापन, मलखाद, खनजोत तथा खुर्सानीको नर्सरी आफैँ राखेर जेठको पहिलो साता खुर्सानी रोप्नुभएको हो ।

"जग्गा व्यवस्थापन, जग्गा सम्झौता, आवश्यक यन्त्र उपकरण खरिद, कामदार लगायतको कामका लागि हालसम्म झण्डै रु २५ लाख लगानी भएको छ", उहाँले भन्नुभयो, "करिब ३० रोपनी क्षेत्रफलमा झण्डै २५ हजार अकबरे खुर्सानी लगाएको छु ।" खुर्सानी उत्पादनका लागि यहाँको हावापानी उपयुक्त रहेको उहाँले बताउनुभयो । जेठको पहिलो साता लगाइएको खुर्सानीले भदौ, असोजमा उत्पादन दिन्छ ।

एउटा राम्रो बोटबाट एकदेखि तीन किलोसम्म खुर्सानी उत्पादन हुने उहाँले बताउनुभयो । तिवारीसँगै अहिले व्यावसायिक अकबरेखेतीमा अन्य दुई जनाले पनि साथ दिनुभएको छ । खुर्सानीखेतीका लागि सुरुदेखि नै नगरपालिकाका कृषि प्राविधिकले प्राविधिक सल्लाह तथा परामर्श दिने र अवलोकन गर्ने कार्य भइरहेको उहाँले बताउनुभयो ।रासस

## भूमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा निवेदक जि.ध. साविक गोपालपुर गा.वि.स. बड़ा नं. ४ हाल क्षरिचरनाथ न.पा.१.१० मा बस्ने महाजन यादवको बुहारी सुईटा यादवको पत्नी मरनी देवी यादव-१. ऐ.मा बस्ने ऐको बुहारी लटु यादवको पत्नी राम कुमैर देवी-१. ऐ.मा बस्ने जुगेश्वर यादवको बुहारी किशोरी यादवको पत्नी तेतरी देवी यादव-१. ऐ.मा बस्ने राम अवतार यादबको नाती जुगेश्वर यादवको छोरा राम अयोधी यादव-१, ऐ.ऐ. मा बस्ने ऐ.को नाती ऐ.को छोरा अवधि यादव-१ र ऐ.ऐ.मा बस्ने ऐ.को नाती ऐ.को छोरा शत्रुधन यादव-१ समेत ६ जनाले महाजन यादव-डीहीको नाउँमा मौजे चुअडवा पं. गोपालपुरको सा.कि.नं.३८१ क्षेत्रफल ०-०-१५-०, सा.कि.नं.३३५ क्षेत्रफल ०-२-१९ र सा.कि.नं.७४४ क्षेत्रफल ०-१-० जग्गा लगत कायम तिरोभरी भएको जग्गा सर्वे नापी हुँदा तपसिल बमोजिम कायम भएको जग्गा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा महाजन यादव र निजको पत्नी गुप्ती देवी यादव समेतको मिति २०३५ साल अगावै मृत्यु भई निजहरुको हकभोग खाने जेठा छोरा रामअवतार यादव-१, माईलो छोरा सुईटा यादव-१ र कान्छा छोरा लटु यादव-१ समेत ३ जना भएकोमा राम अवतार यादवको मिति २०३५ साल अगावै मृत्यु भई निजको हकभोग खाने पत्नी मलेछिया देवी यादव पर पुरुषसंग पोइल गईसकेपछि निजको हकभोग खाने एकमात्र छोरा जग्गा जुगेश्वर यादव भएकोमा निजको मिति २०७८/०९/१५ मा मृत्यु भई निजको पत्नी गालो देवीको मिति २०८०/०२/३१ मा मृत्यु भई निजहरुको खाने ४ छोराहरु नेटा अवधि यादव-१, माईला राम अयोधी यादव-१. साईला किशोरी यादवको मिति २०७७/०८/२० मा मृत्यु भई हकखाने पत्नी तेतरी देवी यादव-१ र कान्छा छोरा शत्रुधन यादव-१., सुईटा यादवको मिति २०५१/०८/२० मा मृत्यु भई निजको हकभोग खाने पत्नी मरनी देवी-१ र लटु यादवको मिति २०७६/०५/२० मा मृत्यु भई निजको हकभोग खाने पत्नी राम कुमैर देवी-१ समेत ६ जना हकदार रहेकोले हामीहरुको नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाँउ भनी यस कार्यालयमा द.नं.२६१७ मिति २००१/०५/०६ को माग निवेदन बमोजिम उक्त जग्गाको सम्बन्धमा हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने भनी मिति २०८२/०२/१४ गतेको आदेशानुसार यो हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यसमा निवेदकको माग दाबी अनुसारको छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदक वाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु संग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दाबी उजुरी गर्न यस कार्यालमा आउनु होला। सूचनाको म्याद भित्र दावी उजूरी नपरी म्याद समाप्त भएमा कानुन वमोजिम भई जाने व्यहोरा यसै सुचनाबाट सबैमा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं | कि.नं | क्षे.फ | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | गोपालपुर | ३ख | १५ | ०-०-९-० | यो बाँस मेरो मरी सकेको बुबा महाजन यादवको नम्बरी छ निज मरिसकेकोले दा.खा. गरेको छैन भनी सही गर्ने जुगेश्वर यादव पं. गोपालपुर वार्ड नं.४ द. |
| धनुषा | गोपालपुर | ३ख | १६ | ०-०-१७-० | यो बाँस मेरो मरी सकेको बुवा महाजन यादवको नम्बरी छ मैले जोती आएको छु। द.जोतहा जुगेश्वर यादव पं. गोपालपुर वार्ड नं.४ |
| धनुषा | गोपालपुर | ३ख | १७ | ०-१-१६-० | यो बाँस मेरो मरी सकेको बुवा महाजन यादवको नम्बरी छ मैले जोती आएको छु। ल्याप्चे जोतहा सुईटा यादव पं. गोपालपुर वार्ड नं.४ |

## श्री धर्म संस्था

**(रामस्वरुप साह, रामसागर साह)**

**मिल्स एरिया, जनकपुर उपमहानगरपालिका-१, मधेश-प्रदेश, नेपाल**

## पोखरी ठेक्का सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति : २०८२/०२/२८**

उपरोक्त सम्बन्धमा यस श्री धर्म संस्थाको भोगचलनमा विभिन्न ठाउँहरुमा रहेका तल उल्लेखित पोखरीहरु ३ तीन वर्षका लागि पानीवालीका ठेक्का लिनु हुन इच्छुक महानभावहरु यस संस्थाका कार्यालय बाट फारम उपलब्ध गरी सूचना प्रकाशित मिति देखि ७ सात दिन भित्रमा शिलबन्दी टेण्डर दिनको लागि यो सूचना प्रकाशित गरिएको छ । फारमका लागि यस संस्थाको लेखा शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**तपसिल**

१. जिल्ला धनुषा, जनकपुर उपमहानगरपालिका वार्ड नं.१४ सि.नं. १३१५-०८ को कि.नं. हरु ४१,४३ र ४४ को क्रमश : क्षे.फ. ०-२-२-०, ०-६-१८ र ०-०-३-१, सि.नं.१३१५-१३ को कि.नं.५३ को क्षे.फ ०-३-३-३ र सि.नं. १३१५-०९ को कि.नं. २९ र ३० को क्षे.फ. क्रमश : ०-०-१-० र ०-०-१२-१ गरी जम्मा ०-१३-०-३ जग्गामा (रजौल) पोखरीको पानीवालीको न्यूनतम रु १०१००० (अक्षरेपी एक लाख एक हजार रुपैया मात्र ।
२. जिल्ला धनुषा, क्षिरेश्वरनाथ न.पा.वडा नं. ९ (ख) कि.नं.६९ को क्षेत्रफल ६-१५-१७ जग्गा मध्ये उत्तर पश्चिम तर्फबाट १-१९-० जग्गा मंगलपुर पोखरीको पानीवालीको न्यूनतम रु ५२,५००।०० (अक्षरेपी बाउन्न हजार पाँच सय रुपैया) मात्र ।

**शर्तहरू**

१. बोलपत्र आवेदन फारम यस संस्थाको कार्यालयबाट नगदी रसिद कटाई लिन सकिनेछ ।
२. बढी दररेट कबोल गर्ने बोलपत्रदाता लाई टेण्डर स्विकृत हुनेछ ।
३. टेण्डर फारम दस्तुर यस प्रकार रहने छन् ।
   क) रु. ५०,०००।०० देखि १,००,०००।०० सम्मको लागि फारम दस्तुर रु १५०।००
   ख) रु. १,००,००१।०० देखि ५,००,०००।०० सम्मको लागि फारम दस्तुर रु ३००।००
   ग) रु. ५,००,००१।०० देखि रु १०,००,०००।०० सम्मको लागि फारम दस्तुर रु ७५०।००
   घ) रु. १०,००,००१।०० देखि माथि जतिसुकै रकमको कार्य भए पनि रु १०,००,०००।०० माथि भन्दा प्रत्येक रु ५०,०००।०० मा रु ५०।०० फारम दस्तुर थप गरी नगदी रसिद लिनु पर्छ ।
४. विधिवत रुपमा परि आएको टेण्डर टेण्डरदाताहरु समेतका रोहवरमा खोलिने छ । तर टेण्डरदाता तोकिएको समय र स्थानमा उपस्थित नहुनेको मात्र कारणले टेण्डर खोल्ने काम स्थगित गरिने छैन ।
५. विधिवत परेको गोप्य टेण्डरहरु मध्ये जुन टेण्डर दाताको बोल कबोल रकम सबैभन्दा बढी हुने छ सो टेण्डरदाताको नाउमा टेण्डर स्वीकृत गरिने छ । टेण्डरदाताले आफुले कबोल गरेको रकम १५ दिन भित्र एभरेस्ट बैंकको खाता नं ०१३००१०५२००६२९ मा जम्मा गरी सक्नु पर्नेछ

**थप जानकारी को लागि यस श्री धर्म सस्थाको लेखा फाँट शाखामा सर्म्पक गर्नु पर्नेछ ।**

**राम पल्टन साह**
**सचिव**

# अत्यधिक गर्मीले विद्यालय बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम । अत्यधिक गर्मीले पठनपाठनमा समस्या भए पनि मधेश प्रदेशमा धनुषा, पर्सा र बाराका स्थानीय तहले केही दिनका लागि विद्यालय बन्द गरेका छन् ।

धनुषाको सबैला नगरपालिकास्थित एक विद्यालयमा विद्यार्थी अचेत भएपछि दुई दिनसम्मका लागि विद्यालय बन्द गरिएको जनाइएको छ ।

त्यस्तै जनकपुरधाम उपमहानगरपालिकामा पनि दुई दिनसम्मका लागि विद्यालय बन्द गरिएको जनाइएको छ ।

त्यसैगरि पर्साको पोखरिया नगरपालिका प्रमुख प्रदुमनप्रसाद चौहानले अत्यधिक गर्मीको कारणले जेठ २८ गतेदेखि ३० गतेसम्मका लागि पालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयमा गर्मी बिदा दिने निर्णय गरेको जानकारी दिए । उनले भने, “अत्यधिक गर्मीको कारणले बालबालिकाको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई मध्यनजर गर्दै जेठ २८ देखि ३० गतेसम्म तीन दिन गर्मी बिदा दिने निर्णय गरेका छौं, असार १ गतेदेखि भने विद्यालय सञ्चालन गरिनेछ ।”

नगरपालिकाले बालविकासदेखि कक्षा १२ सम्मको पठनपाठन कार्य स्थगन गरिएको जनाएको छ । त्यस्तै पर्सासँगै जोडिएको छिमेकी कलैयाँ उपमहानगरपालिकाले पनि अत्यधिक गर्मीको कारणले तीन दिन बिदा दिने निर्णय गरेको छ ।

त्यस्तै कलैया उपमहानगरका नगर शिक्षा शाखा प्रमुख राजीवकुमार यादवले अत्यधिक गर्मीको कारणले महानगर अन्तरगतका केही विद्यालयमा अध्ययरत विद्यार्थीहरूमा समस्या देखिएकाले जेठ २८ देखि ३० गतेसम्म तीन दिन विद्यालय बन्द गर्ने निर्णय गरेको छ । उपमहानगरका अनुसार असार १ गतेदेखि भने विद्यालय निर्वाध रूपमा सञ्चालन हुने जनाइएको छ ।

धनुषाको सबैला नगरपालिका-२ मा रहेको रामप्रसाद माध्यमिक विद्यालयमा मंगलबार अत्यधिक गर्मीका कारण विद्यार्थीहरू कक्षाकोठामै बेहोस भएका थिए ।

विद्यालयका अनुसार गर्मीका कारण विभिन्न कक्षामा अध्ययनरत २० जना विद्यार्थी बेहोस भएका थिए । जसमध्ये ३ जनालाई उपचारका लागि अस्पताल भर्ना गरिएको थियो । उनीहरू सामान्य उपचारपछि घर फर्किएका छन् । अत्यधिक गर्मीका कारण विद्यार्थी बेहोस भएपछि सबैला नगरपालिकाले पनि विद्यालयमा बिदा दिएको छ ।

मधेसमा गत सातादेखि बढ्दो गर्मी छ । बिहानैदेखि कडा घामसँगै तातो हावा चल्दा यहाँको जनजीवन प्रभावित बनेको छ । जनकपुरको बुधबार बिहानको तापक्रम ३४ डिग्री सेल्सियस भन्दा माथि छ । मंगलबार जनकपुर क्षेत्रको तापक्रम ३९ डिग्री सेल्सियस थियो ।

# जनककालीन मठेश्वर महादेव मन्दिरको अवशेष

पुरातत्व विभागका अनुसार पछिल्लो दुई वर्षदेखि जारी उत्खननपछि अहिले आएर सो स्थानमा मठेश्वर मठ नै रहेको पुष्टि भएको छ।

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको सबैला नगरपालिकामा राजा जनककालीन मठेश्वर महादेव मन्दिरको ऐतिहासिक अवशेष फेला परेको छ । नगरपालिकाको वडा नं ६ गोविन्दपुर टोलस्थित खेतीयोग्य क्षेत्रमा यो अवशेष फेला परेको छ ।



पुरातत्व विभागका अनुसार पछिल्लो दुई वर्षदेखि जारी उत्खननपछि अहिले आएर सो स्थानमा मठेश्वर मठ नै रहेको पुष्टि भएको छ। पुरातत्वविद् प्रकाश दर्नालले जानकारी दिएअनुसार, पहिलो वर्षको उत्खननपछि वर्षाका कारण प्लास्टिकले ढाकेर माटोले पूरिएको स्थलबाट यसवर्ष पुनः उत्खनन गर्दा मन्दिरको ठूलो भाग फेला परेको जनाइएको छ ।

इञ्जिनियर सुरेन्द्र पजियारले राजा जनकले आफ्नो राजधानी वरिपरि निर्माण गराएका महादेव मठहरूमध्ये एक गोविन्दपुरको चौरीमा रहेको मठ भएको प्रमाण भेटिएको बताए । उनले भनाइअनुसार यस क्षेत्र वर्षाको समयमा डुवानमा पर्ने भएकाले अहिलेको लागि उत्खनन रोकिएको र आगामी पुस महिनाबाट पुनः शुरु गरिने बताए ।

दर्नालले जनाएअनुसार, भेटिएका वस्तुहरू कर्नाटवंशभन्दा पनि पहिलाको कालखण्डका हुन् । भेटिएका अवशेषमा चारवटा गजुर, पौराणिक कलाकृतियुक्त इँट, फलामका टुक्रा, जल चढाउने कुवा, पर्खालका अवशेष, पौराणिक भाँडाकुँडा र साना हतियारहरू समेत रहेका छन् । यस वर्ष मन्दिरको दक्षिण भागमा अर्को मन्दिरको अवशेष पनि फेला परेको छ ।

स्थानीय पुजारी विन्देश्वर दासले आफूले ८० वर्षदेखि सो स्थानमा मन्दिरको जग देख्दै आएको र पहिल्यै संरक्षणमा ध्यान दिइएको भए अहिले सबैला नगरपालिका प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्ने बताए । अर्का स्थानीय राजकुमार यादवले विगतमा ढुंगा चोरी हुने गरेको तर अहिले नगरप्रमुख र वडाध्यक्षको निगरानीपछि त्यस्तो कार्य रोकिन थालेको बताए ।

इञ्जिनियर पजियारले रथ शैलीमा निर्मित सो मन्दिरको संरचना रौतहटको मौलापुर पतौरास्थित मन्दिरसँग मिल्दोजुल्दो रहेको बताए । यसबाट मन्दिरको चारैतिर अन्य मन्दिरहरू पनि रहेको प्रमाणित भएको छ ।

सबैला नगरपालिकाका मेयर कारीराम प्रसाद यादवले यो मन्दिर मिथिला सभ्यतासँग सम्बन्धित ऐतिहासिक सम्पदा भएकोले नगरपालिका गम्भीर रहेको बताए । मन्दिर उत्खननका लागि तत्काल १५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको र पुनःनिर्माणको लागत विवरण तयार भएपछि थप बजेटको व्यवस्था गरिने उनले बताए । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सविर कुमार महतोले मठको पुनःनिर्माणका लागि प्रदेश र संघ सरकारसँग समेत सहयोग मागिने बताए। गोविन्दपुरका वडाध्यक्ष श्रीपुजनले वडाको विकासे बजेट बाहेकका सबै रकम मन्दिर संरक्षणमा लगाउने प्रतिबद्धता जनाए ।

स्थानिय अनुसार मन्दिरको चारैतिर पोखरीहरू रहेको अनुमान गरिए पनि हाल एक साइड मात्र पोखरी देखिन्छ, बाँकी भाग खेतीयोग्य जमिनमा परिणत भइसकेको छ । पुरातत्व विभागले समयमै कार्य सम्पन्न गरेमा सो क्षेत्र महत्वपूर्ण ऐतिहासिक तथा धार्मिक स्थलको रूपमा विकसित हुन सक्ने आशा गरिएको छ ।

## मनसुन देशभर फैलन अझै हप्ता दिन लाग्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । देशभर केही दिनदेखि सताइरहेको अत्यधिक गर्मीबाट आजदेखि क्रमशः राहत मिल्ने मौसमविद्ले बताएका छन् । जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार आजदेखि देशका धेरैजसो भू-भागमा आंशिकदेखि सामान्य बदली हुने र तापक्रम घट्दै जाने छ ।

पछिल्लो केही दिनदेखि तराईलगायत देशका धेरैजसो ठाउँमा तापक्रम उच्च रहेकाले जनजीवन कष्टकर बनेको थियो । तर आजदेखि बादल लाग्ने र केही ठाउँमा वर्षाको सम्भावना रहेकाले गर्मीमा केही राहत महसूस हुने मौसमविद् प्रतिभा मानन्धरले जानकारी दिइन् ।

अहिले कोशी प्रदेशका धेरैजसो ठाउँमा मनसुन फैलिएको भए पनि त्यो अझै पूर्ण सक्रिय भएको छैन । महाशाखाले देशभर मनसुन फैलिन अझै ५ देखि ७ दिन लाग्न सक्ने अनुमान गरेको छ ।

अहिले कोशी प्रदेशमा पनि मनसुन शिथिल छ । बङ्गालको खाडीमा न्यून चापीय क्षेत्र बनेकाले कोशी प्रदेशमा आइसकेको मनसुन भने आज बेलुकादेखि नै सक्रिय बन्न थालेर बिस्तारै पश्चिमतर्फ सर्न थाल्नेछ ।

आइतबारदेखि पहाडी क्षेत्रमा रोपाइँका लागि वर्षा हुने पूर्वानुमान महाशाखाको छ । यसले किसानलाई राहत मिल्नेछ । बुधबार देशभर आंशिकदेखि सामान्य बदली रहने र विशेषगरी पहाडी तथा हिमाली भेगका केही ठाउँमा वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

# ‘टाँगियाबस्तीमा बिजुली बाल्दा युद्ध जितेजस्तो भयो’

**टुडे समाचारदाता**

बारा । नेपाल विद्युत प्राधिकरणका निर्वतमान कार्यकारी निर्देशक कुलमान घिसिङले टाँगियाबस्तीमा पहिलो पटक बिजुली बलेपछि युद्ध जितेजस्तो अनुभव गरेको बताएका छन् ।



प्रस्तावित नीजगढ दोस्रो अन्तर ाष्ट्रिय विमानस्थल निर्माण हुने भन्दै टाँगियाबस्तीमा वर्षौं देखि विद्युतीकरण हुन सकेको थिएन । यसले गर्दा टाँगियाबस्तीका बासीन्दा अँध्यारोमा बस्न बाध्य थिए । प्राधिकरणको करिब दुई करोड ३४ लाख रुपैयाँको लगानीमा प्रसारण लाइन विस्तार गरी २०७९ असोजबाट टाँगियाबस्तीमा वत्ति बलिएको थियो । टाँगिया बस्तीमा करिब एक हजार चार सय ७६ घरधुरी छ ।

बाराको टाँगियाबस्तीमा बिजुली पुगे पछि पहिलोपल्ट टाँगियाबस्तीमा पुगेका निवर्तमान कार्यकारी निर्देशक घिसिङले त्यस क्षेत्रमा वत्ति बाल्दा एउटा सरकारी निकायले अन्य सरकारी निकायसँग युद्ध जितेजस्तो अनुभव रहेको स्मरण गरे ।

निर्वतमान कार्यकारी निर्देशक घिसिङले प्राधिकरण त्यतिवेला टाँगियाबस्तीमा वत्ति बाल्नुपर्छ भन्ने पक्षमा रहेको तर पर्यटन तथा नागरिक उड्डयनलगायतका मन्त्रालयहरु प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका क्रममा विस्थापित हुने बस्तीमा विद्युतीकरण गर्न नहुने अडानमा रहेका कारण सरकारी निकायबीच नै द्वन्द्व रहेको उनले बताए ।

निर्वतमान कार्यकारी निर्देशक घिसिङले भने, ‘उज्यालो नेपालअन्तर्गत हरेक नेपालीको घरमा विद्युत् पुर्याउने अभियानमा थियौं, तर पूर्वपश्चिम राजमार्गबाट करिब ५/६ किलोमिटर दूरीमा रहेको टाँगियाबस्तीमा वत्ति छैनभन्दा नरमाइलो लाग्यो, मेरो पहिलो कार्यकालको अन्त्यतिर विद्युतीकरणका लागि टेण्डर गरिएको थियो, यसैबीचमा मेरो कार्यकाल सकियो सरकारी निकाय अवरोध कारण उक्त टेण्डर रद्ध गरिएछ, त्यसपछि मेरो दोस्रो कार्यकालमा यस्तो प्रचण्ड गर्मी हुन ठाउँमा माननीय हिसाबले पनि वत्ति दिनुपर्छ, शरणार्थीलाई त न्यूनतम सुविधा उपलब्ध गराइएन्छ भने आफ्नै देशका नागरिकलाई सुविधाबाट बञ्चित गराउनु हुँदैन भनेर प्रक्रिया अगाडि बढाइयो र विद्युतीकरण गर्न सफल भयौं ।’

टेण्डर लगाएपछि वन कार्यालयबाट विद्युतीकरणका लागि अवरोध भएको तर आवश्यक समन्वय गरी वत्ति बालिएको अनुभव निर्वतमान कार्यकारी निर्देशक घिसिङले सुनाए । ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले विद्युतीकरणका लागि सहमति दिन संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई आग्रह गरेको थियो ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ‘दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण पूर्व गरिने स्थातान्तरणमा सो बस्तीका स्थानीयले उक्त क्षेत्र छाड्ने लिखित प्रतिबद्धता हुनेगरी उक्त बस्तीमा विद्युतीकरण कार्य अगाडि बढाउन सकिने’ सहमति दिएको थियो । त्यसपछि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले दिएको सहमति बमोजिम हरेक घरधनीलाई लिखित कबुलियतनामा गराएका नयाँ वत्ति जडान गरिएको थियो ।

प्राधिकरणले करिब ७ किलोमिटर ११ केभी लाइन रुख नकाटिकन मोटरबाटोको छेउबाट तानेको थियो । रुख नकाट्नका लागि जंगल क्षेत्रमा कभरड कन्डक्टर/इन्सुलेटेड कन्डक्टर प्रयोग गरिएको थियो ।

# कञ्चनपुर-कमला पश्चिम खण्डमा ६३ प्रतिशत काम प्रगति

**टुडे समाचारदाता**

लहान । सप्तरी-सिरहा जोड्ने कञ्चनपुर-कमला सडक योजना पश्चिम खण्डको प्रगति अहिलेसम्म ६३ प्रतिशत काम प्रगति भएको जनाइएको छ । सडक विकास कार्यालय मिर्चैयाका अनुसार शतप्रतिशत काम सम्पन्न गर्न दोस्रो पटक २०८२ पुस १६ गतेसम्म म्याद थपिएको छ ।



पूर्व-पश्चिम राजमार्गको कञ्चनपुर- कमला सडक खण्डअन्तर्गत सप्तरीको कुशहादेखि सिरहाको कमलासम्मको ४७.४१ किलोमिटर सडकलाई चार लेन र बजार क्षेत्रमा छ लेनमा कालोपत्रे विस्तार गर्ने काम भइरहेको पश्चिमी खण्डका इन्जिनियर तथा सूचना अधिकारी सरोजकुमार कोइरालाले जानकारी दिए ।

उनको अनुसार यस खण्डमा २५ वटा पुल निर्माण कार्य सम्पन्न भइ ३४.०४ किलोमिटर दायाँ र २५.९७ किलोमिटर दायाँ कालोपत्र सम्पन्न भइसकेको छ । मिर्चैयाको ओभरपासको फाउन्डेशन पूरा भइसकेको लहानको तीनवटा अन्डरपास एब्युटमेन्ट निर्माण सम्पन्न भइ लहानको २६ वटा पाइल फाउन्डेशनमध्ये १६ वटा सम्पन्न भएको छ ।

वर्षाअघि चोहर्वा खण्डको बाँया लेन कालोपत्र सम्पन्न गर्नेगरी काम भइरहेको, बन्दीपुर बजारको दायाँ लेन कालोपत्रे सम्पन्न गर्ने लक्ष्यअनुसार नौसय मिटरमा बेस बिछाउने काम सम्पन्न भएको छ । पाँचसय मिटरमा पर्खाल लगाउने कार्य भइरहेको लहान बजारको बायाँतर्फको नाली जोडने काम सम्पन्न भएको बताइएको छ ।

दायाँतर्फको नाली वर्षाअघि जडान गर्ने योजनाअनुसार काम भइरहेको सूचना अधिकारी कोइरालले बताए । खानेपानीको पाइप व्यवस्थापन र विजुलीको खम्वा हटाउने कार्यमा समयमा हुन नसक्दा कार्य सोचेअनुसार गति लिन नसकेको सूचना अधिकारी कोइरालाले बताए । लहानको सहिद पार्कको व्यवस्थापन र नदीजन्य पदार्थको अभावले पनि समस्या भएको जानकारी दिए ।

कञ्चनपुर कमला चार लेन सडक योजना पूर्व र पश्चिमी खण्ड गरी ८६.८३ किलोमिटर रहेको छ । पन्ध्र अर्ब ६६ करोडमा टेण्डर गरेर २०७७ कार्तिक १३ गते सुरु भएर दुई पटक म्याद थपेर २०८२ पुस १६ गतेमा सम्पन्न गर्नेगरी काम भइरहेको जनाइएको छ ।

सिरहा-सप्तरी दुबै खण्डको प्रगति विवरण समग्रमा ६२ प्रतिशत पुगेको निर्माणकर्ताहरुको भनाइ छ । तर अझै पनि कार्य भने बाँकी नै रहेको छ ।

# पसलमा आगजनी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-२ को नक्टाझिजस्थित पर्ती टोलमा बसोबास गर्ने शारीरिक अपाङ्गता भएका प्रमोद राय कुर्मीले जीवनयापनका लागि कठिन संघर्ष गर्दै सञ्चालन गर्दै आएको सानो नास्ता पसलमा पुनः आगजनी भएको छ ।



जनकपुरधाम-ढल्केवर सडक खण्डअन्तर्गत पर्ती टोलमै रहेको स्वास्थ्य चौकी अगाडि आफ्नै बलबुतामा ऋण-सापटी गरेर खोलेको पसल मंगलबार विहान पूर्ण रूपमा जलेर नष्ट हुँदा व्यापक क्षति भएको छ ।

कुर्मीले जनाएअनुसार यो पटकको आगलागीले करिब ४१ हजार रुपैयाँको क्षति पुर्‍याएको छ । “मिक्चर मेसिन, भाँडाकुडा, नास्ता बनाउने सामग्री, जग र कच्ची छाप्रोसहित सबै चिज जलेको छ,” उनले दुखेसो पोख्दै भने, “म पटक-पटक संघर्ष गरेर पसल खोल्छु, अनि राती कसैले आएर जलाइदिन्छ । अब त केही बाँकी रहेन, घर कसरी चलाउने ?”कुर्मीले झन्डै चार वर्षदेखि यही स्थानमा चाउमिन, भुजा, नास्ता पसल सन्चालन गर्दै आएका थिए । यद्यपि, उनी भन्छन्, “मैले कहिल्यै कसैको अपमान गरेन, न अफ्ठ्यारो पारे, तर किन बारम्बार मलाई नै टार्गेट गरेर यस्तो गर्न मिल्छ र ?”

पर्ती टोलमा यस किसिमका उच्छृंखल गतिविधिहरू समय-समयमा भइरहँदा पनि सम्बन्धित निकायको ध्यान नगएको कुर्मीको गुनासो छ । केही दिन अघि मात्र यही टोलमा रहेको राष्ट्रिय आधारभूत विद्यालयका बालबालिकाले पानी खाने धाराको टोटीमा आगो लगाएर जलाएका थिए । स्थानीय बासिन्दाहरूका अनुसार, टोलमा गँजेडी तथा मानसिक विचलन भएका व्यक्तिहरूको सक्रियता बढिरहेको छ। तर यस्ता घटनाप्रति प्रशासनको ध्यान पुग्न सकेको छैन ।

स्थानीय विनोद कुमार महतोका अनुसार प्रमोदजस्ता संघर्षशील व्यक्तिहरूलाई तत्काल राहत प्रदान गर्न र भविष्यमा यस्ता घटनाको पुनरावृत्ति रोक्न मिथिला नगरपालिकाको दैवी राहत तथा उद्धार कोष वा अन्य सामाजिक सेवा कार्यक्रममार्फत पहल हुन आवश्यक रहेको छ ।

# लुटपाट गर्ने गिरोहका दुईजना पक्राउ

**सञ्जय मिश्रा**

रौतहट । रौतहट प्रहरीले लुटपाट गर्न खोज्ने गिरोहका दुई जना मानिसलाई पक्राउ गरेको छ । अन्य भने फरार भएका छन्।पक्राउ पर्नेमा दुर्गाभगवती गाउँपालिका ३ का २० वर्षीय सिताराम महतो र २० वर्षीय सन्तोष महतो रहेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी दीपक कुमार रायले न्युज कारखाना लाई बताएका छन् ।

अन्यको खोजीकार्य भइरहेको प्रहरीले जनाएको छ । मंगलबार राति अढाई बजे यमुनामाई गाउँपालिका-१ स्थित देउरैया नजिकमा लुटपाट गर्ने उद्देश्यले लुकिछिपी बसेका ८/१० जना अपरिचित व्यक्तिहरु बसेका थिए ।

उनीहरूले मध्ये प्रदेश ०२-०४-०००१ प ०००१ नम्बरको मोटरसाइकल चलाई आइरहेको



दुर्गाभगवती ३ मसुरिया बस्ने बर्ष २५ को कृष्णमणी झालाई रोकि लुटपाट गर्न खोजेको जिल्ला प्रहरी कार्यालय रौतहटमा सूचना प्राप्त भएको थियो ।

तत्कालै जिल्ला प्रहरी कार्यालय र मातहतको कार्यालयबाट गएको प्रहरी टोलीले लुटपाट गर्ने गिरोहमा संलग्न दुवैजना अभियुक्त लाई पक्राउ गरेको थियो ।

गिरोहका फरार रहेका व्यक्तिहरुको खोजतलास कार्य भइरहेको तथा घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# १५ जना फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका युनिटहरुले एकै दिनमा १५ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । अदालतको फैसला कार्यान्वयन अन्तर्गत अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएका विभिन्न मुद्दामा १५ जना फरार प्रतिवादीहरु पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा कमलेश चौबे मुद्दा बालविवाह सजाय २ महिना १५ दिन कैद २५ हजार जरिवाना,पवित्र सहनी मुद्दा अपहरण, करणी प्रयास, हातहतियार, जरिवाना २५ हजार,रिता देवी मुद्दा ज्यान मार्ने उद्योग जरिवाना ५ हजार,बाबूसाह राय यादव ,ज्यान मार्ने उद्योग ,५ हजार, मनोज कुमार पटेल ,बैङ्किङ कसुर, जरिवाना ३ लाख,२४ हजार,श्यामु परियार मुद्दा कुटपिट अभद्र व्यवहार सजाय ३ महिना ३ दिन रहेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी दीपक कुमार रायले बताए ।

त्यस्तै पंकज कुमार झा, कुटपिट, सजाय ३ महिना, जरिवाना ४ हजार,चित्तन झा,कुटपिट जरिवाना ४ हजार, सुरेन्द्र झा, कुटपिट ४ हजार, लालबाबु साह, कुटपिट अभद्र व्यवहार,४ हजार, लक्ष्मी सहनी मल्लाह, चोरी, सजाय १० दिन, रेखा पाठक,चेक अनादर१० हजार, लालबहादुर खत्रीछा, सरकारी कागज, सजाय ३ महिना जरिवाना २ हजार, विक्रम कुमार यादव, ज्यान मार्ने उद्योग, जरिवाना ३७ हजार ५००,अमर मियाँ,ज्यान मार्ने उद्योग , जरिवाना ३७ हजार ५०० रुपैयाँ रहेको प्रवक्ता तथा डिएसपी रायले जानकारी दिए ।

जिल्लाको विभिन्न स्थानबाट पक्राउ परेका प्रतिबादीहरुलाई कैद तथा जरिवाना असुलका लागि मंगलवार जिल्ला अदालत रौतहटमा उपस्थित गराइएको प्रहरीको सूचनामा उल्लेख गरिएको छ । जिल्ला प्रहरी कार्यालय रौतहट प्रमुख एसपी नेत्रमणि गिरीले पछिल्लो समय फरार प्रतिवादी पक्राउ र तस्करी नियन्त्रण गर्न जिल्लामा एउटा अभियान सञ्चालन गरिएको जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८